
# धर्मकीर्ति

# THE DHARMAKIRTI

A BUDDHIST MONTHLY



चैत्र पूर्णिमा

"लुम्बिनीमा-बर्मी उ ञाणिस्सर महास्थविर र धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको संयुक्त आयोजनामा आयोजित उपसम्पदा कार्यक्रममा (अस्थायी) उपसम्पन्न, ऋषिनी र गुरुमाँ हुनुभएका व्यक्तिहरूको दृश्य ।"

DHARMAKIRTI

वर्ष- १६ अङ्क- १२ वार्षिक रु. ५०/- मूल्य रु. ५/-

Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति

१. 'धर्मकीर्ति' प्रत्येक पूर्णिमाको दिन निस्कन्छ ।

२. 'धर्मकीर्ति' का लागि धार्मिक, सामाजिक एवं नैतिक पक्षका लेखहरू लेखी पठाउनु होस् । लेख लेख्दा कागजको एकतर्फी मात्र लेखी अक्षर स्पष्ट हुन आवश्यक छ ।

३. विहार एवं विभिन्न स्थानहरूमा भएका बौद्ध गतिविधिहरू समयमै (औंसिसम्म) हामीलाई लेखी पठाउनु होस् ।

४. हामी तपाईंको स्वस्थ प्रतिक्रियाको स्वागत गर्दछौं ।

५. लेखकद्वारा लेखिएको कुनै पनि विचारको जिम्मेवार लेखक आफैं हुनेछ-सम्पादक मण्डल हुने छैन ।

## विषय-सूचि


१) वण्णुपथ जातक - *प्रकाश बज्राचार्य* २
२) अनित्य लुमंका - *प्रमिला कंसाकार* ३
३) सुख र दुःख - *मुनीन्द्ररत्न बज्राचार्य* ३
४) धम्मपद-११८ - *रीना तुलाधर* ४
५) आँखा दान - *ज्ञानरत्न शाक्य* ४
६) त्रिपिटक वाङ्मय चिनारी (सूत्रपिटक/दीघनिकाय)-८ 'चारस्मृति प्रस्थान' ... - *कोण्डन्य* ५
७) गौतम बुद्ध - *संजिब कुमार ताम्राकार* ७
८) सद्भावना - *सरोज उदास* ७
९) संयुक्त निकाय ७ - चौथो भाग; सतुल्लपकायिक वर्ग - *भिक्षु ज. काश्यप, भिक्षु धर्मरक्षित, अनु. वीर्यवती* ८
१०) धार्मिक क्रान्ति - *नरेन्द्रनाथ भट्टराई* ११
११) बुद्धका प्रमुख उपदेश र शान्ति - *श्रा. संघरक्षित* १२
१२) जित; उपासक - *भिक्षु विशुद्धानन्द* १४
१३) बाँच्नको लागि बुद्धधर्मको सहारा - श्रामणेर *"तकदिर"* १४
१४) धर्मकीर्ति पत्रिकाया मिला च्वमिपिं-११ - *प्रेमहिरा तुलाधर* १५
१५) सफलता-असफलता - *यामबहादुर श्रेष्ठ* १८
१६) कर्म - *राजेन्द्र डंगोल* १८
१७) धर्मकीर्ति विहार-गतिविधि १९
१८) ६. क्रान्ति; ७. पञ्चस्कन्छ दुःख; ८. विश्लेषण वाद - *भिक्षु विशुद्धानन्द* २१
१९) धर्म प्रचार-समाचार २२


★ धर्मकीर्तियात छिगु ग्वाहालीया आवश्यकता दु । छिगु प्रत्येक ग्वाहाली पत्रिकाया लागि तःधंगु तिबः ज्वीफु ।

★ छि थः ग्राहक जुया दिसँ, मेपिन्त नं ग्राहक याना दिसँ ।

★ छिं थःगु पसः, उद्योग, व्यापार, कार्यालयया बिया द्यूगु प्रत्येक विज्ञापन पत्रिकायात तःधंगु ग्वाहाली जूवनी ।

★ धार्मिक व सामाजिक पक्षया रचना च्वया, सुझाव व सल्लाह बिया पत्रिकायात रोचक व स्तरीय याय्‌गुली नं ग्वाहाली बीफु ।

★ आसे धयादीमते, बिचाः याना दिसँ- 'धर्मकीर्ति' यात बाँलाकेत छिं गुकथं ग्वाहाली बिया दीफु ।

Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**

व्यवस्थापकहरू
**चिनीकाजी महर्जन**
**ज्ञानेन्द्र महर्जन**

सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**

सम्पादक
**भिक्षुणी वीर्यवती**

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन- २५५९६०, २५९११०

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४२
नेपालसम्वत् १११९
इस्वीसम्वत् १९९९
बिक्रमसम्वत् २०५५

---

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | ५०/- |
| यस अङ्कको | रु. | ५/- |


DHARMAKIRTI

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY

April 1999

| वर्ष- १६ | अङ्क- १२ | ल्हुतीपुन्ही | २०५५ |
|---|---|---|---|





★ **रागमा लालायित व्यक्ति आफुले बनाएको जालमा माकुरो फंसे झैं आफ्नै तृष्णारूपी नदीमा पर्छ। बुद्धिमानहरू यसलाई पनि तोडी, इच्छा रहित भै सबै दुःख छोडी प्रव्रजित हुन्छन् ।**

★★★

★ **फलामको, काठको र डोरीको बन्धनलाई बुद्धिमानले बलियो बन्धन भन्दैन । धन सम्पत्ति, स्त्री, पुत्र पुत्रीहरूमा हुने अनुरागलाई दृढ बन्धन भन्दछन् ।**

★★★

★ **बांधिराखेको चौघोडा घुमिरहेझैं तृष्णाको पीछा नछोडी संयोजन (मनको बन्धन) मा रहेका मानिसहरूलाई दीर्घ कालसम्म बराबर दुःख हुन्छ ।**

Downloaded from http://www.dhamma.digital

*धेरै पहिले पनि छापिसकेको भएपनि फेरि अनुरोध आएकोले छापिन लागेको हो। (सम्पादक)*

# वण्णुपथ जातक

प्रकाश बज्राचार्य

क्षितिज रातो भयो। सूर्य देवताले आफ्नो अनुहार मरुभूमिभित्र लुकाउन लग्यो। आँखाले भ्याएसम्म रातो पहेंलो भएको मरुभूमि। यस्तो मरुभूमिको बीचमा एक समूह व्यापारीहरू पूर्वतिर हेर्दै अगाडि बढिराख्यो। बाटो देखाउने मान्छेको गाडा सबभन्दा अगाडि, अरू उसको पछि पछि।

अंध्यारो भएर आयो। पूर्व-पश्चिम छुट्याउन नसक्ने भएर आयो। जता हेरे पनि मरुभूमि। बाटो देखाउने दाजुले आकाशमा चम्किरहेका ताराहरू हेरेर आफ्नो बाटो लिइराख्यो। अरूले बाटो चिन्न सक्दैनथ्यो। त्यसोभएपनि अगाडि बाटो देखाउने मान्छे हुनाले उनीहरू ढुक्क हुँदै अगाडि बढिराखे। रात परेपछि त्यो मार्ग प्रदर्शक भुसुक्क निदाएको कसैले चाल पाएको थिएन। उनीहर त बाटो देखाउनेको गाडाको पछि पछि लागिराखे- बाटो देखाउने निदाइसक्यो भन्ने थाहा थिएन। गाडा तानिराख्ने गोरुहरूलाई बाटो देखाउनेलाई निंद आएको मतलब थिएन, तिनीहरू अगाडि नै बढिराखे।

बिहानको सूर्य उदायो। मरुभूमि सुन जस्तै पहेंलो भएर आए। निदाएर आउनेहरू विउँझिए। गाडाहरू त्यसरी नै अगाडि बढिराखे। एउटा व्यापारीले आँखा मिच्दै अर्कोसंग सोध्यो- "खोई, आज त हामी नगरमा पुग्नु पर्ने नि!"

"कुन्नि। हामी त मरुभूमिमै छौं।" - अर्कोले भन्यो। अकस्मात ऊ झस्के, "अरे! त्यहाँ हेर! त्यस मरुभूमिमा प्राङ्ग्राको चिन्ह देख्यौ? हाम्रै गाडाको चिन्ह हौइन र त्यो?"

व्यापारिहरूको बीचमा हल्लाखल्ला भयो। साँच्चै अगाडिपट्टि उनीहरूकै गाडाको पाङ्ग्राको चिन्ह! त्यसबेला सम्म बाटो देखाएर आइराख्नेको पनि निंद खुल्यो। उसले पनि बुझ्यो उनीहरू त घुमेर हिजो जहाँ थियो त्यहिं नै आइपुगेका थिए। यसरी उनीहरूको एकदिन खेर गयो। मरुभूमिको बीचमा परे।

उनीहरूसंग पिउने पानी पनि त सिद्धिसकेको थियो। आज मरुभूमि नाघिसक्छौं, नगरमा पुगिसक्छौं भन्ठानेको थियो उनीहरूले, तर हिजो जहाँ थियो त्यहिं नै परिराखेकोले पानीको समस्या आयो। राती गोरूहरू घुमेर जहाँबाट गएका थिए, त्यहिं नै पुग्नेछ भनेर थाहा पनि त थिएन उनीहरूलाई।

बाटो देखाएर आउनेलाई सबैले गालिगरे। तीन चार जना रिसाहाहरूले त उसलाई मारुँला झैं गरे। तर उसलाई मारिदिए भने उनीहरू नगरमा पुग्ने पनि कसरी? अरूहरूलाई बाटो पनि त थाहा थिएन। व्यापारीहरूको नाइकेले सबैलाई सम्झाई बुझाई शान्त पारे। बाटो देखाउनेले अनि मात्रै सानो स्वरले भन्यो- "नगरमा पुग्न आज दिनभरि जानुपर्छ।"

दिनभरि हिंड्नु पर्ने!? त्यो पनि त्यस्तो तन्न लागेको घाममा, मरुभूमिको बिचबाट!? आफूसित एक थोपा पानी थिएन। तर त्यहिं बसिराख्ने कुरा पनि त हुन सक्दैन नि! त्यसैले मुख अँध्यारो पारेर मन लागे पनि नलागे पनि सबैले पाइला चाले। जसो गरेर पनि प्यास लागेको सही उनीहरू दुई-तीनघण्टा हिंडिसके। तर त्यस्तो गर्मीमा कति नै अगाडि बढ्न सकिन्थ्यो र? केही छिनपछि दुईजना मान्छेहरू प्यासले बेहोश भए। त्यसो भएपनि उनीहरू नरोकिकन अगाडि बढी नै रहे।

अर्को एकघण्ठा बित्यो। अर्को चारजना जति व्यापारीहरू पानी खान नपाएर पछ्रिन गए। एउटा गोरु पनि लड्यो। अनि त सबै व्यापारीहरू त्यहिं नै बसे। अगाडि बढ्ने शक्ति उनीहरूमा भएन। पानी खान नपाएर मर्ने भए हामीहरू भन्ठाने उनीहरूले। मरुभूमि उनीहरूको लागि मशान भइदियो। कसैले सुस्केरा हाले। कसैले देउता सम्झे। कोहीले घरमा छाडेर आएका स्वास्नी, छोराछोरी सम्झे। खपी नसकेर एक दुईजनाले बाटो देखाउनेलाई जति सक्थ्यो त्यति श्राप पनि दिए। सबैजना निराश भए।

सबैजना? होइन! एकजना भने निराश भएको थिएन। उनीहरूको नाइके निराश भएको थिएन। मर्नु अगाडि आफू लाई मर्‍यो भन्ठान्ने बानी उसको थिएन। कोशिस नै नगरी निराश भै सुस्केरा हाल्ने उनी थिएन। जोसुकै निराश भएपनि उनी हरेश भएनन्। उसले भन्यो - "साथीहरू, त्यहाँ सानो एउटा रूख देखेका छौ.? मेरो विचारमा त्यसको मुनि अवश्य पानी हुनु पर्दछ।"



Downloaded from http://www.dhamma.digital

जवाफ कसैले दिएन । सबैं थाकिसकेका थिए । फेरि मरुभूमिको बीचमा खाल्दो खनेर पानी निकाल्नु पागलपन होइन र ? त्यसो भएपनि नाइके एक्लै उतातिर गए । खन्न थाल्यो । नाइके एक्लैले काम गरिरखेको देखेर अरू ब्यापारीहरूले पनि खन्ने काम गर्नथाले ।

खन्दै लगे । तर पानी भेटिएन । फेरि खने, तैपनि भेटिएन । दश हात, बीस हात, तीस हात, चालिस हात गहिरो खनिसके । तैपनि पानी भेट्टाउन सकेन । उनीहरू चल्नै नसक्ने भैसकेका थिए । धेरैले काम गर्न छाडिदिए । नाइके लगायत केहीले खन्ने कार्य जारिनै राखे । साठ्ठी हात खनिसकेपछि एउटा ठूलो चट्टान भेटिंदा सबैजसो ब्यापारीहरू निराश हुन थाले ।

नाइकेले कोशिस छाडेको थिएन । ऊ तल ओर्लेर त्यस चट्टानमाथि कान थापेर सुन्यो । हर्षले उसको मुख तेजिलो भएर आयो किनभने उसले मुंनि पानी बगेको कलकल स्वर सुनेको थियो । खुशी हुँदै सबैलाई बोलाए सबैमा नयाँ जोश देखियो । सबै मिलेर सुने, चट्टान मुनि चिसो पानी बगिरहेको ... ।

उनीहरू बचे । बीच मरुभूमिमा पर्न नपर्ने भए । सबैले पानी पिए । धेरैले नुहाए । खाना बनाएर खाने पनि गरे । गोरूहरूलाई पनि पानी ख्वाए । दिनभरि त्यहिं बसेर बेलुकि मात्र जाने निधो गरे । अब त उनीहरूलाई नगर नपुग्ने धन्दा पनि त भएन ... ।

यो जातक कथा, भगवान् बुद्धले एकजना अल्सी भिक्षुको कारणले सुनाउनु भएको थियो । यस कथामा ब्यापारीहरूको नाइके हुने बोधिसत्व थियो । ■

## अनित्य लुमंका

✍ प्रमिला कंसाकार

छुयाय् छुयाय् जुजुं फुत हाः ! जवानी
था:गाः मदुगु संसारया कहानी ।
गनं वया गन वनेगु धाय् मफु सुनानं
यत्तले योथें सना जुइगु बानी नं ।
तृष्णाया बसे जुया भा:पी मफु सुनानं
आखिर बृद्धावस्थाय् तोतल फुक्क अङ्गं ।
अन्तिम अवस्थाय् सुँ मदु सुयातं
वने मानी याकःचा थःगुहे भरोसां ।

## सुख र दुःख

✍ मुनीन्द्ररत्न बज्राचार्य

*सुख र दुःख*
*जीवनका यी बाटाहरूमा*
*हिंड्दा हिंड्दै*
*बिझिरहेछ मनमा*
*फूलको काँटा झैं*
*जब जब पाउँछु भन्छु त्यो सुख*
*केवल पाउँछु म दुःखको सहारा मात्र*
*सुखको लागि गरें मैले राम्रा नराम्रा*
*पाउँछु धेरै तृष्णा*
*फेरि फेरि सुखको इशारा*
*आकाशलाई छुन नसके झैं*
*विचलित हुन्छु त्यो सुखमा*
*दुःख पाउँछु यो जीवनमा*
*यसैले भगवन*
*बुझिदिन यो भव सागर*
*सुख के हो दुःख के हो ?*
*सत्य के हो असत्य के हो ?*
*छुन सकिन सुखको किनारा*
*यसैले भगवन*
*मनको शान्ति पाउनका लागि*
*म खोज्दछु*
*चतुआर्य सत्य*
*प्रतीत्य समुत्पादाय*
*सुख र दुःखका*
*ती अनमोल मार्गहरू !*



Downloaded from http://www.dhamma.digital

# धम्मपद - ११८

✍ रीना तुलाधर

**"कोनु हासो किमानन्दो - निच्चं पज्जलिते सति अन्धकारेन ओनद्धा - पदीपं न गवेस्सथ"**

**अर्थ-** सदा रागादि अग्निले बलिरहेको संसारमा के हाँस्नु ? के आनन्द लिनु ? अन्धकारले छोपी सक्यो । अझै तिमीले प्रकाश खोज्न जानु पर्दैन ?

**घटना-** श्रावस्ती नगरका पाँचसय गृहस्थहरूले आ-आफ्ना स्त्रीहरूलाई विशाखा महाउपासिकाकहाँ छोडी दिएका थिए ताकि तिनीहरू पनि विशाखा जस्तै ज्ञानी, दयालु र बुद्धिमानी होस् भनी । ती स्त्रीहरू उद्यानमा वा विहारमा जाँदा विशाखा संगै आउने जाने गर्थे । त्यो समयमा श्रावस्तीमा एक हप्तासम्म जाँड रक्सिको चाड लाग्थ्यो । चाडको बेला ती स्त्रीहरूले आ-आफ्नो घरमा गई आ-आफ्ना पतीहरूलाई जाँड रक्सी खान दिई चाड मनाउन दिए । चाड सिद्धिएपछि लोग्नेहरूको अगाडि रक्सि खान नपाएकोले घरमा बाँकि रहेको रक्सि जिउमा लुकाएर बोकी उद्यानमा गए । त्यहीं सबैजना मिली रक्सि खाएर रक्सि लागेपछि मात्तिएर जथाभावी चल्न थाले । विशाखाले यो कुरा थाहा पाएपछि गालि गरेर उनीहरूलाई आ-आफ्नो घरमा पठाइदिए । आफ्ना स्त्रीहरूले विशाखालाई समेत बदनाम हुने गरीकन त्यस्तो नराम्रो व्यवहार गरेको देखेर रीसले चूर भई तिनीहरूका लोग्नेहरूले तिनीहरूलाई बेस्सरी पिटेर चुल्त सम्म चुते ।

फेरि अर्को एक दिन पनि ती स्त्रीहरूले विशाखासंग भगवान बुद्धकहाँ गएर उहाँको धर्म उपदेश सुन्न मन लाग्यो भनी आग्रह गरे । विशाखाले यो त ठीक छ भनी उनीहरूलाई लगे । तर ती बदमास स्त्रीहरूले त्यो दिन पनि आ-आफ्नो जिउमा रक्सिको बोटल लुकाएर लगे । विहारमा पुगेपछि विस्तारै लुकाएर रक्सि पिउन थाले । बोटलहरू त्यहिं फालेर भगवान बुद्धकहाँ गएर धर्म उपदेश सुन्न गए । विस्तारै ती स्त्रीहरूलाई रक्सिको असर लाग्यो र मात्तिएर जथाभावी नाच्न गाउन थाले ।

ती स्त्रीहरूको यस्तो दशा देखेपछि भगवान बुद्धले तिनीहरूलाई नियन्त्रण गर्न आफ्नो ऋद्धि शक्तिको प्रयोग गर्नु पऱ्यो । भगवान बुद्धले आफ्नो जिउबाट कालो-नीलो रश्मि निकाल्नु भयो र त्यहाँ कोठा अन्धकार भयो । अन्धकारले छाएपछि ती स्त्रीहरू भयभीत भए फलस्वरूप तिनीहरूमा रक्सिको नशा शान्त भयो ।

नशाले छोडे पछि मात्र उनीहरूले त्यस स्थानमा अन्धकार हटी प्रकाश छाएको अनुभव गरे । त्यहीं भगवान बुद्धले ती स्त्रीहरूलाई भन्नुभयो - "तिमीहरू मेरो अगाडि आएर होश राखेर आउनु पर्दैन ? यहाँ आएर तिमीहरूले अयोग्य काम गऱ्यौ । अबदेखि तिमीहरूले रागादि आगोको ज्वालालाई शान्त गर्नुपऱ्यो ।" यस्तो उपदेश दिनु हुँदै भगवान बुद्धले उपरोक्त गाथा भन्नु भयो । ■

## आँखा दान

✍ ज्ञानरत्न शाक्य, धर्मधातु विहार, पलाती

चन्द्र सूर्य जस्तै आँखा
पछि काम नलाग्ने हुँदा
दान दिने हाम्रा दुवै आँखा
पछि काम नलाग्ने हुँदा
सुपुत्र पुत्रीलाई शुभ कामना
देऊ डाक्टरलाई निमन्त्रणा
चम्कि रहोस् हिमगिरी साथमा
युगौं युग अन्धालाई प्रकाशमा
अनि चिन्नेछन् नेपाली आमा
सञ्जीवनी बुटी आफ्नै साथमा
दानको भावना बुझ्ने छन् उहीमा
महामानव जन्म स्थलमा
आँखा बिना हुँदैन सार
चेतनशीलको समाज
दान गरौं आजै मानव
मरेपछि माटो बन्ने नेत्र



Downloaded from http://www.dhamma.digital

# त्रिपिटक वाङ्मय चिनारी (सूत्रपिटक/दीघनिकाय)-८

## 'चारस्मृति प्रस्थान'- निर्वाण साक्षात्कार गर्ने एकाएन मार्ग

✍ कोण्डन्य, संघाराम

### महासुदस्सन-सुत्त (ख/१७)

त्रिपिटक अन्तर्गत दिघनिकायको महावर्गको चौथो सूत्र हो- 'महासुदस्सन' अर्थात महासुदर्शन सूत्र। बुद्धको पूर्जजन्मको घटनाहरू अन्तर्गत एकपटक महासुदर्शन चक्रवर्ती राजा भएका थिए भने तात्कालीन जीवनी- घटनाक्रम यस सूत्रमा उल्लेख भइराखेका छन्। उक्त चक्रवर्ती राजा क्रमश: निम्न उल्लेख्य अनुसार यी सातवटा रत्नहरूबाट सम्पन्न थिए (क) चक्ररत्न (ख) हस्तिकला (ग) अश्वरत्न (घ) मणिरत्न (ङ) स्त्रीरत्न (च) गृहपति रत्न तथा (छ) परिणायकरत्न' यी सप्तरत्नहरू बुद्धले स्वकीय सचिव भिक्षु आनन्दलाई कुशीनारामा प्रकाश पारेका थिए।

यस सूत्रको अन्तमा संस्कार विषयमा कुरा उठाई संस्कार भनेको क्षीण हुँदै जाने, नष्ट र निरुद्ध भएर जाने, साथै एकपछि अर्को स्वरूपमा परिणत हुँदै परिवर्तित हुने, यी सबै अध्रुव, अनित्य हुन् कुनै भरोसा लिन योग्य नभएको, वास्तवमा संसारको इच्छा वा उत्पत्ति नै व्यर्थ हुन् भन्ने कुरालाई बुद्धले राम्ररी खुलस्त पारी प्रकाश पार्छ।'महासुदस्सन जातक' भन्ने जातक कथा पनि रहेको पाउँछौं।

### जनसभ-सुत्त (ख/१८)

सूत्रानुसार बुद्ध नातिकामा रहनुहँदा परलोक भइसकेकाहरू कोही यसलोकमा (इहलोक) पुन: पदार्पण गर्नु नपर्ने भएर त्यहींबाट परिनिर्वाण प्राप्त गर्दछन् भनी आज्ञा बक्स हुन्छ र सचिव भिक्षु आनन्दले मगधका परिचारकहरूका परलोक-गतिका बारे जिज्ञासा प्रकट गर्दछ।

यस्मा शक्रदेवेन्द्र र सनत्कुमार ब्रह्माले (यस्को नाउँ मज्झिम, संयुक्त र अंगुत्तर निकायमा देखिने हुन्छ। रायस् डेविड्सले युरोपीय कथा-साहित्यको प्रचलन-चल्तीमा आउने Galahad गलहेड संग मिल्दोजुल्दो छ भनेर चिनिन्छ।) बुद्धधर्मको प्रशंसा गरेको कुरा उल्लेखित छ। यसरी नै यस्मा काशी, कोशल, वज्जी, लिच्छवी, मल्ल, चेति (चेदि), कुरु, पंचाल, मत्स्य र सूरसेन जनपदका बारेमा पनि उल्लेख भइराखेका छन्।

### महागोविन्द-सुत्त (ख/१९)

बुद्ध गृधकूट पर्वतमा विराजमानावस्था, आफ्नो पूर्वजन्म सम्बन्धि आत्मकथा बताउने क्रममा महागोविन्द ब्राह्मणको कुरा प्रकाश पार्छ। अगाडिको जनवसम्भ सूत्रमा झैं यस्मा पनि ईन्द्र र ब्रह्माले बुद्धधर्मको प्रशंसा गर्छ। बुद्धकालीन राजनैतिक भूगोलका सम्बन्धमा बढी जानकारीमूलक ज्ञान हासिल गर्न यस सूत्रबाट धेरै मद्दत मिल्ने देखिन्छ। सूत्रानुसार बोधिसत्त्व महागोविन्द एकचोटी रेणु नामक राजाको ब्राह्मण (मन्त्री) भइरहंदा, महागोविन्दले सम्पूर्ण जम्बुद्वीप (भारत) लाई राज्य संविभाजन गरी सातभागमा विभाजित पारीदिन्छ (विखण्डन), सात वटा राज्य बनाई सातवटै अलग अलग (पृथक) राजधानी निर्धारण गरिदिन्छ। कलिङ्ग, अश्वक, अवन्ती, सोवीर, विदेह, अङ्ग र काशी गरी सातवटा राज्यहरू हुन् भने क्रमश: यिनीहरूका राजधानी दन्तपुर, पोतन, महिष्मती, रोरूक, मिथिला, चम्पा र वाराणसी (बनारस) हुन्। यसरी नै 'सत्तभू, ब्रम्हदत्त, वेस्सभू, भरत, रेणु र दुई धृतराष्ट्र' - यिनीहरू नै त्यतिवेलाका भारतीय राजाहरू हुन्।

### महासमय सुत्त (ख/२०)

५०० सय आफ्ना शिष्य भिक्षुहरूका साथमा बुद्ध कपिलवस्तुमा विराजमानावस्था, त्यतिबेला बुद्धको दर्शनार्थ धेरै देवदेवताहरूका आगमन भएको कुरा यस सूत्रमा उल्लेख भइराखेको छ। बुद्धले अनेक देवताहरूका बारेमा नाम र स्थान बारे शिष्यहरूलाई प्रकाश पार्छ।

### सक्कपञ्ह-सुत्त (ख/२१)

बुद्ध मगध देशको राजगृहमा विराजमानावस्था, बुद्ध समक्ष शक्र (इन्द्र) आई अनेक प्रश्न उठाउँछ। 'ईर्ष्या र मात्सर्य भनेको यो मनपर्छ यो मनपर्दैन भन्ने भावको कारणले (निदान), यो मनपर्छ यो मन पर्दैन भन्ने भावको उत्पत्तिले गर्दा (समुदय) तथा मनपराइ र घृणाको प्रभावले उत्पन्न हुने हो, यो मन पर्छ यो मन पर्दैन भनेको छन्द (इच्छा, तृष्णा) को कारणले, छन्द भनेको वितर्कको कारणले उत्पत्ति हुने हो' भनी बुद्धले शक्र देवेन्द्रलाई उत्तरमाला बताउने क्रममा प्रकाश पार्दै लान्छ।

### महासतिपट्ठा-सुत्त (ख/२२)

एक समय बुद्ध कुरू क्षेत्रको कम्मासदम्म नामक एक गाउँमा पुग्छ, त्यहाँ आफ्ना शिष्यहरूको माझमा 'सत्त्वहरूको विशुद्धिको लागि, शोक-परिदेवको निवारणार्थ, दु:ख र दौर्मनस्य अतिक्रमण वा अस्तंगम (शान्त) पारी हटाउनको लागि, सत्यता प्राप्ति (आर्यमार्ग अधिगम) को लागि तथा निर्वाण-प्राप्ति (आर्यमार्ग



Downloaded from http://www.dhamma.digital

अधिगम) का साथै साक्षात्कारका निर्तिं एकैमात्र मार्ग (एकाएन) भन्नु चार स्मृति प्रस्थान हो।' भनी बताउँछ।

कायानुपश्यना, वेदनानुपश्यना, चित्तानुपश्यना र धर्मानुपश्यनालाई नै चार स्मृति प्रस्थान भनिएको हो। कायानुपश्यना- श्वासप्रश्वास प्रकृयालाई एक होशियार (होश) पूर्वक निरन्तर रूपमा हेर्दै (थाहा पाउँदै) बस्नु (आनापाना), उठी राख्दा उठी रहेछु, बसी राख्दा बसी रहेछु भनी शरीरको अवस्थालाई ध्यानपूर्वक हेर्दै बस्नु (इरियापथ), अगाडि बढ्दै गर्दा अगाडि बढीरहेछु, के - कस्तो घटना भइरहेछ त्यस्को अनुभूति प्राप्त गर्दै बस्ने (सम्पजान), मानव शरीरको हरेक अङ्गप्रत्यङ्ग (अवयव) फोहरले भरिएको छ, असुचि हो (पटिकूलमनसिकार) भनी शरीरमा प्रत्यवेक्षण गर्ने, जुन - केश (रौं), भुत्ला, नङ्ग, दाँत, छाला, मासु, हाड, रातो मासि, मुटु, फोक्सो, ठूलो खाने नली, सानो खाने नली, पेट, मस्तिष्क, चित्त, आँसु, बोसो, थुक, सिंगान, पीप, र्‍याल, पिशाव हुन्। यसरी नै शरीरको रचना (बनावट) अनुसार शरीरमा पृथ्वी धातु (स्थूल, ठोस, सान्हो वा नरम स्वभाव), आपो धातु (बहने, ढिक्को हुने), तेजोधातु (तातो, चिसो, बाफ) र वायुधातु (फुल्ने, चल्ने, घचेटिने) को जुन आफ्नै स्वभाव हुन्छ, त्यस्लाई प्रत्यवेक्षण (धातुमनसिकार) गर्ने, श्मशान-घाटमा देखिने मुर्दालाई हेरी आफू पनि एकदिन उस्तै अवस्थामा पुग्ने (नवसिवथिक) छ भनी अनित्यतालाई जान्नु, परिवर्तित स्वरूपको स्वभावलाई जानेर परिवर्तशील नियमलाई बुझ्ने प्रयत्न वा प्रयास लाई नै कायानुपश्यना भनिन्छ। वेदनानुपश्यना-सुख भएमा सुख भयो, दु:ख भएमा दु:ख भयो, न सुख न दु:ख वा असुख-अदु:ख वेदना (शरीरमा निरन्तर भइरहने प्रकृया) लाई ध्यानपूर्वक हेर्दै बस्ने जस्ले गर्दा तृष्णा र दु:खबाट अलग भएर बस्न सकिंदो रहेछ, यसैलाई वेदननानुपश्यना भनिन्छ। चित्तानुपश्यना - चित्तको स्वभाव वा चित्तको प्रवृत्तिलाई ध्यानपूर्वक हेर्न काम, राग, द्वेष, मोह निरुत्साह-अलसिपना (संक्षिप्त चित्त), चञ्चल-चपल (विक्षिप्त चित्त), रूपावचर-अरूपावचर (महत्गत), कामावचर (अमहत्गत), अनुत्तर र विमुक्त चित्त (क्लेशबाट मुक्त हुने भाव) को भाव जुन मनमा आइनै र हने हो, त्यस्लाई राम्ररी छुटाई छुटाई अलग अलग पारी हेर्ने (ध्यान) प्रकृयालाई नै चित्तानुपश्यना भनिने गर्छ। धर्मानुपश्यना- स्वभावजन्य यावत कुराहरूलाई वा स्वभावधर्मलाई गम्भीररूपमा गहिरिएर हेर्दै, बुझ्दै उत्पत्ति र विनाशको चक्रलाई आत्मसात गर्न खोज्नु नै धर्मानुपश्यना हो। अर्थात पञ्चनीवरण (कामच्छन्द, व्यापाद, थिनमिद्ध, उद्धच्च कुक्कुच्च), पञ्चस्कन्ध (रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान), द्वादस-आयतन(चक्षु-रूप, श्रोत-शब्द, घ्राण-गन्ध, जिह्वा-रस, काय-स्पर्श, मन-धर्म वा स्वभाव) सप्तबोध्यङ्ग (स्मृति, धर्मविचय, वीर्य, प्रीति, प्रशब्धि, समाधि, उपेक्षा), चतुरार्य सत्य (दु:ख छ, दु:खको कारण छ, दु:ख निरोध गर्न हुन्छ, दु:ख निदान गर्न आर्य अष्टांगिक मार्गछ)- यी स्वरूपहरूलाई स्वाभाविक रूपमा साक्षीभावले ध्यानपूर्वक हेर्दैजानु।

### पायासिराजञ्ञ-सुत्त (ख/२३)

बुद्धका शिष्य भिक्षु कुमार काश्यप चारिका गर्दै कोशल देशको सेतब्या नगरमा रहेको सिंसपावनमा पुग्छ, पायासि राजा (राजञ्ञ) संग दर्शन भेट हुन्छ। कोशल नरेश प्रसेन जितका धर्मपुत्र कुमार काश्यप र पायासि राजाका बीच कुराकानी अगाडि बढ्छ। पायासिले आफूमा भएको घोर नास्तिकता (अति भौतिकवादी दृष्टिकोण) प्रदर्शन गर्दै भन्दछ- 'यो लोक पनि छैन, परलोक पनि छैन, जीव-मृत्यु पश्चात पुन: जन्म (उत्पत्ति) को अवस्था पनि छैन, सुकृत्य (कुशल) र दुष्कृत्य (अकुशल) कर्मको फल पनि छैन, विपाक पनि छैन।'

यस किसिमको धारणा-दृष्टि बोकेको पायासिको मत अनुसार मृत्यु पश्चात जीवनको अन्त्य हुन्छ, सदाको लागि समाप्त हुन्छ। उनको तर्क यसरी पनि स्पष्ट भइराखेको छ- '(क) मरिसकेकोलाई पुन: फेरि फर्केको कसैले देखेको छैन। (ख) धर्मात्मा-आस्तिक भनी कहलाइएकाहरू पनि मृत्युदेखि डराउँछन् (मर्न चाहदैनन्)। (ग) जीव (श्वास) चुंडेर बाहिर गइसकेपछि मरिसकेको व्यक्ति वा मुर्दाको तौल न त घट्ने (कम) नै हो, न त जीव कहिं बाहिर गयो भनी कसैले देख्नै सकेको छ।'

यसै सूत्रमा मेधावी श्रमण कुमारले १४ वटा राम्रा राम्रा उपमाहरू प्रकाशपारी पायासिको नास्तिक दृष्टिको खण्डन गर्दै लान्छ। शंखको उपमा हेर्दा-एकजना शहरिया शंख वाजक विकट गाउँ तर्फ जान्छ। ठूलो-ठूलो आवाज निकालेर शंख बजाउँछ, शंखको मधुरपूर्ण मन नै रमाउने र बहलाउने शंखको सुमधुर स्वर सुनी सबै खुशीले गद्गद् हुन्छ आश्चर्यले चकित हुन्छ, ओहो कस्को आवाज होला, ओहो कस्को शब्द होला भन्दै मानिसहरू उफ्री उफ्री त्यहाँ जमघट हुन आउँछन्। शंखको आवाज भन्ने कुरा थाहा पाउँछ। अनि शंखलाई ओल्ट्याई-पल्ट्याई माथी उँभो पारी - । 'हे शंख ! आवाज देउ, सुमधुर स्वर निकाल।' भन्दै नाना तरहले प्रयास गर्छ, तर आवाज प्रस्फुटन हुँदैन, कुनै शब्द निक्लिदैन। त्यसपछि लट्ठीले हान्ने, यता-उता हुत्याउने



Downloaded from http://www.dhamma.digital

काम पनि गर्छ । शंख वाजक शहरियाले कस्ता मूर्खहरू रहेछन् शंख बजाउने भन्ने कुरा नै थाहा नभएका भन्दै शंख मुखले फुकेर देखाउँछ, पहिलेको जस्तै मधुरपूर्ण आवाज बुलन्द हुन्छ ।

अनि मानिसहरूले बुझे- शंखका साथमा पुरुष (व्यक्ति), ब्यायाम र वायु एकैठाउँमा संगम हुँदा नै आवाज निक्लिंदो रहेछ । पुरुष, ब्यायाम र वायुको साथ विना शंखको आवाज प्रस्फुटन हुँदैन ।

पायासिलाई बुझाउँदै - 'पायासि ! यसरी नै यो शरीर आयुको साथ, श्वास र विज्ञानको साथ रही रहन्छ, त्यतिबेला चलिरहन्छ, अगाडि बढीरहने हुन्छ, उभीरहन्छ, कानले आवाज (शब्द) सुन्छ, नाकले गन्ध थाहापाउँछ, जिब्रोले रस थाहापाउँछ, शरीरले स्पर्श गर्छ तथा मनले धर्म (स्वभाव) लाई थाहा पाउँछ । यस कारणले गर्दा पनि इहलोक, परलोक, सुकृत्य-दृष्कृत्य कर्मको फल र विपाक छ भन्ने कुरालाई मान्नुपर्छ ।'

१४ वटा उपमा सुनीसकेपछि पायासिको मन परिवर्तन हुन्छ र उपासकत्व स्वीकार गर्छ ।

यससूत्र बुद्धका शिष्यहरूले देशना गरिराखेको सूत्रहरूमध्ये पहिलो सूत्र (ग्रन्थ क्रमानुसार) अनुसार दीघनिकायमा उल्लेख भएको पाइन्छ । ■

## गौतम बुद्ध

✍ संजिब कुमार ताम्राकार
भोजपुर

शान्तिको बाटो देखाउने
गौतम बुद्ध तिमीलाई
कुन कुराले सेवा गरौं ॥

नेपाललाई शान्तिको देश
चिनाउने हे गौतम बुद्ध
हामी तपाँईको सम्झनामा अल्झिएर
बसिरहन पाए हुन्थ्यो ॥

शान्तिको ज्ञानको ज्योति
दिई शान्तिको बाटोमा
लगाई दिने गौतम बुद्ध
तिमीलाई के दिन सक्छु ॥

उही तपाइले दिएका उपदेशलाई
व्यवहार ल्याउन
हामी जस्ता अज्ञानीले
के गर्नै सक्छौं हे गौतम बुद्ध ॥

## सद्भावना

✍ सरोज उदास, पोखरा-३

मानव सेवा उत्तम कर्म
सेवा ठूलो धर्म
होइन धर्म हिन्दु मुश्लिम
बौद्ध क्रिश्चियन जैन

छैन यहाँ उँच र नीच
मानिस सब हुन समान
बैश्य, शुद्ध, क्षेत्री, बाह्मण
यी हुन कर्म विभाजन

जातले हुन्न चण्डाल शुद्र
हुन्न जातले ब्राह्मण
कर्मैले बन्दछ चण्डाल शुद्र
कर्मैले हुन्छ ब्राह्मण

कर्मैमा हुन्छ ज्ञान र ध्यान
कर्मैले मिल्दछ धन
कर्मैले गर्न सकिन्छ दान
कर्मैले बन्छ महान

जन्मले हुन्छ मानिस शुद्र
कर्मले बन्छ ब्राह्मण
धर्मको रथमा कर्मको पथमा
जाउँ त्रि-शरण

**धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू**

क्र.सं. २९३

**अनगारिका श्यामावती**

किण्डोल, स्वयम्भु

रु. १०००/-

क्र.सं. २९४

**प्रेम सुन्दर तुलाधर**

ख २-४०८ पुतली सडक, काठमाडौं-३१

रु. ११०१/-


Downloaded from http://www.dhamma.digital

# संयुक्त निकाय ७

- भिक्षु ज. काश्यप
- भिक्षु धर्मरक्षित
- अनु. वीर्यवती

## चौथो भाग

## सतुल्लपकायिक वर्ग

### ४. नसन्ति सुत्त (१.४.४)

### काम नित्य छैन

एक समय भगवान बुद्ध श्रावस्ती स्थित अनाथ पिण्डिक महाजनको जेतवन आराममा रहनु भएको थियो । तब केही सतुल्लपकायिक देवताहरू ... । एक अलग्ग स्थानमा उभिए । उनीहरू मध्ये कुनै एक देवताले बुद्ध समक्ष यस गाथा ब्यक्त गरे-

मानिसहरूको काम नित्य छैन,
संसारमा (मानिसहरूलाई) लोभ्याउने चीजहरू धेरै छन्,
जसमा उनीहरू (बझ्) लिप्त हुन्छन,
जसमा परी मानिसहरूले भुल्न थाल्छन्,
(अनि उनीहरूले) मृत्युको राज्यबाट छुटकारा पाई निर्वाण★ प्राप्त गर्न सक्दैनन् ॥
इच्छालाई बढाइयो भने पाप कार्यहरू पनि बढनेछ,
इच्छालाई बढाइयो भने दु:ख हुनेछ,
इच्छालाई दवाइयो भने पापकार्यहरू पनि दबिने छन्,
पापकार्यहरूलाई दाइनाले दु:खहरू पनि दबिने छन् ॥
संसारको सुन्दर पदार्थ नै काम होइन,
रागयुक्त मन हुनुलाई नै पुरुषको काम भनिन्छ,
संसारमा (कतिपय) सुन्दर पदार्थहरू त्यसै परिरहेका छन्,
किन्तु पण्डितहरूले त्यसको इच्छा गरिरहेका छैनन् ॥
क्रोधलाई त्याग, मानलाई हटाउ,
सबै बन्धनहरूलाई काटी ढाली देउ,
नाम रूप प्रति अनाशक्त रहने ब्यक्ति,
र त्यागीलाई दु:ख हुँदैन ॥
आकांक्षाहरूलाई छोडी, मनसुवाहरू नबाँधी,
नाम र रूपप्रति हुने तृष्णालाई काटी,
त्यस काटिएको गाँठो, निष्पाप र बितृष्णालाई
देवता र मनुष्य लोकमा या परलोकमा,
स्वर्गमा या सबै लोकमा खोजिरहँदा पनि पाइएन ।

आयुष्मान मोघराजले भन्यो-

यदि त्यस्ता पुरुषलाई देख्न सकेन भनेर
देवता र मनुष्य, लोक या परलोकमा,
परमार्थलाई चिन्ने त्यस नरोत्तम (बुद्ध) लाई
जसले वहाँलाई नमस्कार गर्छ, उ धन्य हो ॥

भगवान बुद्धले भन्नुभयो-

मोघराज । ती भिक्षु पनि धन्य छ,
जसले त्यस मुक्त (अर्हत्) पुरुषलाई नमस्कार गर्दछ;
जसले धर्मलाई जानी संशय (नचाहिंदा संकाहरू) लाई मिटाइ सकेको हुन्छ,
त्यस्ता भिक्षु सबै बन्धनबाट
अलग्ग भई माथि उठिसकेको हुन्छ ।

### ५. उज्झानसञ्ञी सुत्त (१.४.५)

### तथागत खराबीहरूबाट टाढा हुनुहुन्छ

एक समय भगवान् बुद्ध श्रावस्ती स्थित अनाथपिण्डिकको जेतवन विहारमा रहनु भएको थियो । त्यसबेला कोही उध्यानसंज्ञी देवता रात वितिसकेपछि आफ्नो रश्मीले जेतवन विहारलाई चम्काई जहाँ भगवान् बुद्ध हुनुहुन्थ्यो, त्यहाँ आइपुगे । बुद्ध समक्ष आइपुगेर आकाशमा नै उभिए । आकाशमा उभिँदै त्यस देवताले भगवान् बुद्धलाई यस गाथा भन्न थाले-

(आफ्नो कुवानीलाई ढाक छोप गरी)
आफ्नो सही रूपलाई छोपी जसले
आफुलाई अर्को रूपमा पेश गर्दछ,
त्यस धूर्त तथा ठगलाई
जति पनि भोग सम्पत्ति लाभ हुन्छन्, ती सबै
चोरीबाट मात्र प्राप्त भएका हुन्छन् ।

★ अपुनरागमन-निर्वाण, जहाँबाट फेरि फर्कन पर्दैन ।



Downloaded from http://www.dhamma.digital

जसले आफूले गरेको कार्य बारे मात्र मुखले बोल्छ,
जसले कार्य गर्दैन, त्यसले आफ्नो मुखले सो कार्यबारे बोल्दैन,
तर आफुले गर्दै नगरेको कार्यलाई पनि मैले गरें भनी
(असत्य कुरो) बोल्ने व्यक्तिलाई पण्डितहरूले निन्दा गर्नेछन् ॥

भगवान् बुद्ध-

यो केवल भनेको भरमा मात्र र
केवल सुनेको भरमा मात्र
प्राप्त हुने चीज होइन,
जुन मार्ग प्राप्त गर्न यस्तो कठोर र (कठीन) छ;
(जुन मार्गबाट) ज्ञानी पुरुषहरू मात्र मुक्त हुन सक्छन्,
त्यस्तै ध्यान लगाउन सक्ने व्यक्ति मारको बन्धनबाट मुक्त हुन सक्छन् ॥
(यस्तो मार बन्धनमा) ज्ञानीहरू कहिले पनि पर्दैनन्,
संसारको गतिविधिलाई जानेर
प्रज्ञा प्राप्त गरी त्यस्ता पण्डितजन मुक्त हुन्छन्,
यस भयंकर भवसागरबाट पार हुन्छन् ॥

त्यसपछि ती देवताहरूले पृथ्वीमा उतरी भगवान् बुद्धको पाऊमा शीरले ढोगी उहाँ समक्ष यस गाथा भन्न थाले-

भन्ते ! हामीहरूको तर्फबाट ठूलो भूल हुन पुग्यो ॥
हामीले आफ्नो मूर्खताको कारणले,
मूढताको कारणले र बेबकूफ भई,
बुद्धलाई नै सिकाउन खोज्यौं ।
भन्ते ! भगवान् बुद्ध ! हाम्रो अपराधहरूलाई क्षमा गरिदिनुस्
भविष्यमा (हाम्रो तर्फबाट) फेरि यस्तो भूल हुनेछैन ।

उनीहरूको यस्तो कुरा सुन्नुभएपछि भगवान् बुद्ध मुस्कुराउनु भयो ।

तब ती देवताहरू ज्यादै प्रसन्न भई आकाशमा उभिए । उनीहरू मध्ये एकजना देवताले भगवान् बुद्ध समक्ष यस गाथा बोल्न थाल्यो-

आफ्नो अपराधलाई आफैले स्वीकार गर्ने व्यक्तिलाई,
जसले क्षमा गर्दैन,
भित्रभित्रै कोप भइराख्ने (त्यस) महाद्वेषी
त्यस्तो बैरी अझ बढि बन्धनमा बाँधिनेछ ॥
यदि संसारमा कसैले केही खराब कार्य पनि गरेको छैन भने,
केही भूल पनि गरेको छैन भने र यदि वैर भावना पनि शान्त भएको छैन भने,
तब कोही कसरी ज्ञानी हुन सक्छ ?
खराबी कसमा हुँदैन ?
त्यस्तै भूल कसबाट हुँदैन ?
को समोहमा भुलेर बस्दैन ?
कुन चाहिं पण्डित सधैं स्मृतिवान् भई बस्छ ?

भगवान् बुद्ध-

जो तथागत बुद्ध हुनुहुन्छ,
(जसले) सबै सत्त्व प्राणीहरूलाई अनुकम्पा राख्नु हुन्छ,
उहाँमा केही अकुशल (खराबीहरू) हुनेछैन,
उहाँबाट कुनै भूल पनि हुन सक्दैन,
उहाँ कहिले पनि बेहोशी (असावधानी) हुनेछैन,
त्यही पण्डित सधैं स्मृतिवान् हुनुहुनेछ ॥
आफ्नो अपराधलाई आफैले स्वीकार गर्ने व्यक्तिहरूलाई जसले क्षमा गर्दैन,
भित्र भित्रै कोप भइराख्ने त्यस महाद्वेषी,
त्यस बैरी अझ बढि बन्धनमा बाँधिनेछ ॥
यस्तो भन्ने व्यक्ति प्रति मैले बैर भावना राख्दिन,
तिम्रो अपराधजलाई मैले क्षमा गर्दछु ॥

## ६. सद्धा सुत्त (१.४.६)

### प्रमादलाई त्याग्नु

एक समय भगवान् बुद्ध श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवन आराममा रहनुभएको थियो ।

तब केही सतुल्लपकायिक देवताहरू रात बितिसकेपछि आफ्नो रश्मिले सबै जेतवनलाई चम्काई जहाँ भगवान् बुद्ध हुनुहुन्थ्यो, त्यहाँ आएर भगवान् बुद्धलाई अभिवादन गरी अलग्ग एक स्थानमा उभिए ।


Downloaded from http://www.dhamma.digital

अलग्ग एक स्थानमा उभिएका ती देवताहरू मध्ये एक देवताले भगवान् बुद्धलाई गाथाद्वारा भन्न थाल्यो-

जुन पुरुषमा सधैं श्रद्धा भइरहन्छ,
र जो व्यक्ति कहिले पनि अश्रद्धामा रहँदैन,
उसबाट उसको कीर्ति भन भन फैलदै जान्छ,
तथा शरीर त्यागेपछि (मृत्युपछि) उ सिधै स्वर्ग जानेछ ॥

तब अर्को एक देवताले भगवान् बुद्ध समक्ष आई यस गाथा व्यक्त गर्न थाले-

क्रोधलाई हटाई, अभिमानलाई हटाई,
सबै बन्धन (संयोजन) हरूबाट मुक्त भई,
नाम र रूपमा आसक्त नहुने
त्यस त्यागीसंग तृष्णा रहने छैन ॥

भगवान् बुद्ध-

मूर्ख र दुर्बुद्धिहरू सबै प्रमादी (बेहाशी) हुन्छन्, ज्ञानी पुरुषले अप्रमाद (होशियारी) जस्तो श्रेष्ठ धनलाई रक्षा गर्दछ ॥

प्रमादमा नलाग्नु, कामरागलाई साथ नदिनु,
प्रमाद रहित बनी, ध्यान गर्ने व्यक्तिले नै
परम सुख प्राप्त गर्नेछ ।

## ७. समय सुत्त (१.४.७)

### भिक्षु सम्मेलन

मैले यस्तो सुनें ।

एक समय भगवान् बुद्ध पाँच सय जवान सबै अर्हत् भिक्षुहरूको एक ठूलो संघका साथ शाक्य (जनपद) स्थित कपिल बस्तुको महावनमा रहनु भएको थियो । भगवान् बुद्ध र भिक्षु संघको दर्शन गर्नका लागि दशौं लोकका थुप्रै देवताहरू त्यहाँ उपस्थित थिए ।

तब शुद्धावासका चार देवताहरूको मनमा यस्तो कुरा खेल्न थाल्यो, "उहाँ भगवान् बुद्ध पाँचसय जवान सबै अर्हत् भिक्षुहरूको एक ठूलो संघलाई साथमा लिनुभई शाक्य (जनपद) स्थित कपिलवस्तुको महावनमा रहनु भएको छ । भगवान् बुद्ध र भिक्षु संघ दर्शन गर्नका लागि दशौं लोकका थुप्रै देवताहरू आई जम्मा भएका छन् । त्यसैले हामी पनि भगवान् बुद्ध रहनु भएको ठाउँमा जान पर्‍यो । त्यहाँ गई भगवान् बुद्ध समक्ष एक एक गाथा भन्नु पर्‍यो ।"

त्यसपछि ती देवताहरू जसरी बलवान् पुरुषले आफुले खुम्च्याइराखेको पाखुरालाई एकैचोटी फैलाउने हो, अर्थात् फैलिएको पाखुरालाई एकैचोटी खुम्च्याइने हो, ठीक त्यसरी नै उनीहरू शुद्धावास देवलोकबाट अन्तर्ध्यान (लोप) भई भगवान् बुद्ध समक्ष प्रकट भए । तब ती देवताहरूले भगवान् बुद्धलाई प्रणाम गरी अलग्ग एक स्थानमा उभिरहे ।

अलग्ग एक स्थानमा उभिरहेका ती देवताहरू मध्ये एक देवताले भगवान् बुद्ध समक्ष यस गाथा प्रस्तुत गरे-

(कपिलवस्तु) वनखण्डमा ठूलो सभा भइरहेको छ,
यहाँ देवताहरू आई जम्मा भइरहेका छन्,
अपराजित भिक्षु संघको दर्शन गर्नका लागि
यस धर्म सभामा हामी पनि आएका छौं ॥

त्यसपछि अर्को देवताले भगवान् बुद्ध समक्ष यस गाथा प्रकट गर्न थाल्यो-

भिक्षुहरूले आफ्नो चित्तलाई पूरा एकाग्र गरी,
ध्यानमा लगाइराखेका छन्,
सारथीले लगामलाई पकडीराखे जस्तै,
ती ज्ञानीहरूले पनि आफ्ना इन्द्रियहरूलाई बशमा राखेका छन् ॥

तब अर्को देवता भगवान् बुद्ध समक्ष आई यस गाथा प्रस्तुत गरे-

स्थिर चित्त हुने व्यक्ति, (राग-द्वेष-मोह) को
आवरण तथा दृढ बन्धनलाई नष्ट गरी
शुद्ध र निर्मल (मार्गमा) चल्छ,
जसरी होशियारी बन्ने बिद्या सिकाइएको तरुण नाग ॥

तब फेरि अर्के एक देवताले भगवान् बुद्ध समक्ष यस गाथा प्रकट गरे-

जो पुरुष बुद्धको शरणमा आइसक्यो,
त्यो दुर्गति (१) मा पर्दैन ...
मनुष्य शरीर छोडे पनि
(उ) देवलोकमा उत्पन्न हुन्छ ॥

■



Downloaded from http://www.dhamma.digital

# धार्मिक क्रान्ति

- नरेन्द्रनाथ भट्टराई

हे युवा वर्ग हो ! विश्वकै लागि तिमीहरू भविष्यका मात्र होइनौ वर्तमानका पनि कर्णाधार हौ । तिमीहरूमा असीम शक्ति छ । तिमीहरूको त्यो शक्ति सदुपयोग भयो भने आफ्नो साथै विश्वकोनै कल्याण पनि गर्न सक्दछ भने त्यही शक्ति दुरुपयोग भयो भने आफ्नो तथा विश्वको पनि सर्वनाश हुन सक्नेछ । यो कुरा तिमीमै भर पर्दछ । त्यो शक्तिको सदुपयोग गर्न सक्नुनै तिम्रो जन्मेको सार हुन्छ । अरुको हा हा मा मात्र नलाग ! कति सम्म र कहिलेसम्म स्वार्थी र शोषकहरूको हतियार बनेर आफ्नो अमूल्य शक्तिको दुरुपयोग गर्दछौ ? कुकर्म अन्याय र अत्याचारसँग सामना गर्न, परास्त गर्न किन त्यो शक्ति लगाउँदैनौ ? सत्य धर्म र कर्मको मर्मलाई बुझ्नतिर लगाउ, सत्य धर्म पालन गर, निडर होउ, अन्धविश्वासी र कातर नबन । शरीर, मन र बुद्धिलाई स्वस्थ्य राखेर कर्मक्षेत्रमा डटेर लाग । बाँचिन्जेल हाँसी हाँसी र हँसाई हँसाई बाँच ! कर्तव्य कर्म गर सुखमय जीवनको कडी, सत्य धर्म र भगवानको सच्चा पूजा पनि यही हो । जतिसुकै मीठा मीठा खानेकुराका नाम जतिसुकै कराएर जपे पनि पेट भरिन्न यसैगरी भगवानको नामहरू लिंदैमा सुख मिल्दैन, धर्म हुँदैन । तिमीहरूमा कुरा बुझ्ने, सही र गलत छुट्याउन सक्ने शक्ति प्रचूर मात्रामा हुने भएकोले तिमीहरूलाई सचेत गराउन खोजेको हूँ । कति राजनीतिक तथा आर्थिक क्रान्तितिर मात्र ध्यान दिन्छौ ? धार्मिक क्रान्तितिर पनि त लाग्नुपर्‍यो नि ! अहिलेको सबभन्दा ठूलो खाँचो पनि यही छ ।

क्रान्ति भनेको नारा, जुलुस, तोडफोड, आतंक होइन । क्रान्ति भनेको समयको खाँचो अनुरूप सुव्यवस्था गर्नु तथा सुधार गर्नु हो । स्वार्थीहरूको कारणले गर्दा धेरै समयदेखि धर्मको नाममा अनेकन विकृतिहरू निक्लिएर धर्म कुरुप देखिन पुगेको छ । जीवनको मूल आधार नै धर्म हो । मूलमै भूल भएपछि सबैतिर भताभुङ्ग हुनुमा के आश्चर्य ! कमजोर जगमा उठेको घरलाई बाहिर भित्र जति लिपापोती गरेपनि बस्न लायक हुँदैन त्यसैगरी धर्मनै बिग्रिए पछि अरू जतिसुकै गरेपनि शान्ति, सुख र सन्तोष किमार्थ मिल्न सक्दैन । वास्तवमा सत्य धर्म परंपवित्र छ, वादलबाट झर्दाको अवस्थाको जल समान स्वच्छ छ । तर जसरी बादलबाट झरेको स्वच्छ पानी तल जमीनमा आइपुग्दा बिचमा धूलो-धुवाँ र जमीनको फोहोर, मैला, हिलोमा पर्दा विषाक्त हुन पुग्दछ र त्यस्तो पानी प्रयोग गर्दा जीवननै बर्बाद हुन पुग्दछ यसैगरी सत्य धर्म पनि महामानवहरूको मुखारविन्दबाट निक्लँदा अति शुद्ध, कल्याणकारी र आनन्ददायी हुन्छ तर जब जब स्वार्थ, लोभ र शोषणरूपी धूवाँ धूलोबाट गुज्रँदै मत तथा सम्प्रदायको विषाक्त खाल्डोमा पर्दछ तब त्यही सत्य धर्म अंधविश्वास, कर्मकाण्ड र लोभको रूपमा बदलिएर समाजलाई सर्वनाश गर्न थाल्दछ । आजको स्थिति त्यस्तै छ । क्रान्ति गर्नुपर्ने अरू केही छैन, बीचका यी विषाक्त खाल्डा र स्वार्थीहरूको खेल मात्र समाप्त पार्नु परेको छ । यतिनै मात्र हो धार्मिक क्रान्ति भनेको ।

पहिले पहिले पनि समय समयमा धार्मिक क्रान्ति हुन्थे । अहिले यो नभएको धेरै भएकोले हामीले बिर्सिएका हौं । क्रान्ति भन्ने आधुनिक शब्द हो । त्यसवखत यसको लागि संस्थापन, पुनर्स्थापन, अभ्युत्थान जस्ता शब्द प्रयोग हुन्थे । सत्य, त्रेता, द्वापर र कलि चारै युगमा पनि यस्ता क्रान्ति भएका कुरा हामी पुराण र इतिहासबाट पाउँदछौं । जस्तै हिरण्यकशिपुले सत्य युगमा धर्मलाई खलबल्याउन खोज्दा नरसिंह रूप लिएर, त्रेतामा रावणले धर्म नाश गरेर मनपरी गर्न थाल्दा राम रूप लिएर, द्वापर युगमा कंश, कौरवहरूबाट अन्याय हुन लाग्दा कृष्ण रूप लिएर तथा कलिमा केही धूर्त पण्डितहरूले धर्मको नाममा कर्मकाण्डले जनतालाई वेर्न लाग्दा बुद्धको रूप लिएर धर्म संस्थापन गर्नु भएको थियो अर्थात वहाँहरूको नेतृत्वमा धार्मिक क्रान्ति भएर शान्ति स्थापना भएको थियो ।

हे युवक हो ! यो कुरा नबीर्स ! सत्य धर्म अर्थात कल्याणकारी कर्म गरेमा चलेमा मात्र सबै कुरा व्यवस्थित हुन्छ । धर्मलाई नअँगालिकन अरू जतिसुकै उद्योग उन्नति गरेपनि ती सबै बेकार हुन्छन् । यस सत्य कुरा बुझ्ने बुझाइदिने र सत्य बाटोमा चल्ने र चलाउने शक्ति केवल युवा वर्गमा मात्र भएकोले मैले युवा वर्गलाई नै आव्हान गरेको हुँ ।

सबैको कल्याण होस् !

क्रमश:



Downloaded from http://www.dhamma.digital

# बुद्धका प्रमुख उपदेश र शान्ति

✍ श्रा. संघरक्षित

सम्पूर्ण त्रिपिटकको पाना-पाना पल्टाए पनि भगवान बुद्धले सबै पापबाट विमुक्त हुने नै उपदेश प्रदान गरेका छन्, कुशल कार्यहरूलाई प्रसय दिई, बृद्धि गरी आफ्नो ब्यवहारमा उतार्न नै सिकाएका छन्, चित्त परिशुद्ध गर्न नै भनेका छन् जति पनि भयावह स्थिति वर्तमान परिप्रेक्षमा श्रृजना हुन पुगेका छन्, ती सम्पूर्ण कारणहरूको जड प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा यिनै कुराहरूको बेवास्ताबाट भएका छन्। आज हर एक क्षण मानवहरू शसंकित अवस्थामा विश्वयुद्धको त्रासले बाँच्न बाध्य छन्, हरेक क्षेत्रमा युद्धको मारामारी चर्केका छन्, प्रत्येक पलमा अनगिन्ती प्राणीहरूले अकालमा आफ्नो ज्यान गुमाउन बाध्य छन् । गहिरिएर चिन्तन-मनन गरौं त कारण देखा पर्नेछ, मानव-मानवमा विद्यमान स्वार्थी, लोभी, होडबाजीपना र यी प्रतिफलहरू पनि माथिकै कुरामा अरूचि देखाएको परिणाम स्वरूप हुन्। त्यसैले आऔं, सबै मिलेर सम्भावित भयानक परिस्थितिको रोकथाम हेतु यी कुराहरू राम्ररी बुझौं तथापि परिपालन गर्न अग्रसर होऔं ।

**सब्ब पापस्स अकरणं, कुसलस्स उपसम्पदा ।**
**सचित्त परियोदपनं, एतं बुद्धानसासनं ॥**
**अर्थः नगर्नु सबै पापहरू, गर्नु कुशल सञ्चय ।**
**चित्त परिशुद्ध गर्दै लानु, यही बुद्धहरूका शिक्षा ।**

उपर्युक्त वाक्यको पहिलो वाक्यांशमा छ– सबै पापकार्यहरू छोड्दै जानु वा अकुशल कार्यबाट अलग्ग रहनु । परजनको अहित, कुभलो हुने कार्यलाई अकुशल कार्यको संज्ञा दिइन्छ, जसको भिष्म ज्वालाले वर्तमान देखि भविष्यसम्म पनि भत्भती पोल्नेछ । शोकाकुलको डायरामै जीवन अन्त्येष्टि गर्न विवश हुनेछ ।

भगवान बुद्धले सिंगालपुत्रलाई चार किसिमका पाप-कार्यबारे प्रकाश पारेका छन्–

(१) छन्द (राग वा स्नेह) को वशमा परेर गर्न नहुने पाप-कर्म गर्नु,
(२) द्वेष (क्रोध) को वशमा परेर गर्न नहुने पाप-कर्म गर्नु,
३. मोहको वशमा परेर गर्न नहुने पाप-कर्म गर्नु,
४. भयको वशमा परेर गर्न नहुने पाप-कर्म गर्नु ।

सकभर यी पापकर्मबाट बिल्कुलै टाढा रहन सक्नु पर्दछ। त्यस्तै नै साधारण मानवहरूले शरीर, मन, वचनको माध्यमद्वारा अनेकन अकुशल कृत्यहरू गर्दछन् । जस्तोः शरीरद्वारा गरिने पापकार्यहरू–

(१) **प्राणी हिंसा गर्नु** : निर्दोष प्राणीहरूलाई दुःख-कष्ट, यातना, पीडा दिनु तथापि ज्यान लिनु ।
(२) **चोरी गर्नु** : परवस्तु नसोधिकन, लोभले वशीभूत भई सुटुक्क लिनु ।
(३) **ब्यभिचार गर्नु** : निजी स्वार्थ पूर्तिको लागि गरिने अनगिन्ती घुसखोरी आदि तथा कामवाशनाले पर स्त्री/परपुरुषको शीलाचरण भ्रष्ट गर्नु ।

यी कृत्यबाट विमुक्त हुन सर्वप्रथमतः आफूलाई उपमाको रूपमा खडा गर्ने, अनि मात्र कार्ययोजना गर्नुपर्दछ। यदि आफूलाई मन पर्दैन भने परजनलाई पनि मन पर्नेछैन भन्ने यथार्थ सत्य अवबोध गरी आफूले त्यस्ता कार्य गर्दै नगर्ने। एवंरितले मनबाट गरिने पापहरू यसप्रकार छन्–

(१) **लोभ गर्नु** : परजनको चिजवस्तुमा कुदृष्टि लगाउनु,
(२) **द्वेष भावना गर्नु** : गुण भन्दा अवगुणमात्र सम्झी रिसाइ रहनु,
(३) **मिथ्याधारणा** : यथार्थ विपरीत धारणा राखेर कामकुरो गर्नु ।

मानसिक आक्रमणबाट बच्न तथापि आन्तरिक एवं बाह्य रूपबाट शान्ति कायम गर्न प्रत्येक मानवहरू यी कार्य हुनबाट सदैव जोगिरहनुपर्दछ । त्यस्तै वचनद्वारा पनि नजानिदो पाराले अनगिन्ती अकुशल पापकार्यहरूको अवलम्बन भइरहेका हुन्छन्। जस्तो–

(१) **असत्य बोलनु** : अरूको बिगार गर्नु वा छलाएर मज्जा लिनु,
(२) **चुकली गर्नु** : घनिष्ट इष्ट-मित्रहरूमा फुट ल्याउनु,
(३) **कडा वचन** : धारिलो छुरा झैं बिझ्ने गरी खरो स्वरले भन्नु,
(४) **अनर्थक वचन** : बिल्कुलै काम नलाग्ने कुराहरू गर्दै बस्नु ।



Downloaded from http://www.dhamma.digital

आफ्नो तथा परजनको हितमय जीवनमा निहित रहन यी कार्यबाट हरहमेशा टाढै रहनु पर्दछ । त्यस्तै वाक्यको दोश्रो अंशमा कुसलस्स उपसम्पदा वा कुशल कार्यहरू गर्दै लानु भनेका छन् । हुनत दुबै पक्षमा पुग्ने क्रियाकलापलाई कुशल कार्य भनिए तापनि बुद्धधर्ममा परोपकारलाई बढी महत्व दिएका छन् । यिनीहरू विविधतामा भएपनि बुँदागत रूपमा प्रमुख यी कुराहरूको परिपालनलाई अति महत्वपूर्ण मानिएका छन्-

(१) **दान** : आफ्नो चिजबस्तु परजनलाई त्याग गर्नु, जसको सिमान्त उपयोगिता बृहत मात्रामा तिनीहरूले प्राप्त गरून् ।

(२) **शील** : चरित्र सुदृढ बनाउने मुलभूत तत्व, जसबाट आफ्नो र परजनको हितोपकार होउन् ।

(३) **भावना : "अनित्य भावना"** सदैव गरेर स्वार्थी, लोभि कार्यबाट बिमुक्त रही निस्वार्थमय, त्यागमय, जनहित कार्यको आवलम्बन गर्ने, जसबाट सर्वश्रेष्ट मानवमय जीवन सार्थक होउन् ।

(४) **सेवासत्कार** : परजनको सेवामै वास्तविक सुखको अनुभूति हुन्छ भन्ने सम्झेर, बुझेर, तन, मन, धनले सेवासत्कार गर्ने ।

(५) **कर्तब्य पालन** : माता-पिता, गुरुजन, इष्ट-मित्र, ठूला-साना हर ब्यक्ति प्रति आफूद्वारा गरिनु पर्ने कामकुराहरू परमकर्तब्य सम्झी परिपालना गर्ने ।

(६) **परमङ्गल कामना** : हर एकक्षणमा परजनप्रति मैत्री, करूणा, मुदिता, उपेक्षा भावको जागरण गरी हित-मङ्गलको कामना गर्ने ।

(७) **परप्रगतिमा खुशी हुनु** : अरूको उन्नती-प्रगतीमा डाहा-ईर्ष्याको जागरण नगरी आफ्नै सफलता झैं सम्झी खुशी हुने ।

(८) **धर्म-श्रवण** : समय-समयमा धर्मज्ञाताहरूकहाँ गई धर्म विषय सम्बन्धी छलफल गर्ने, सुन्ने, जसबाट आफ्नो जीवनको गति पहिचान गर्न सकून् ।

(९) **धर्म-देशना** : आफ्नो अन्तरहृदयमा समावेश अति जीवनोपयोगि नैतिक उपदेशहरू परजनलाई पनि भन्ने, सुनाउने, जसको फलस्वरूप परजनको जीवन पनि सफल तथा सार्थक होउन् ।

(१०) **शुद्ध-धारणा** : सदैव विचारधाराहरू ताजा र परि शुद्ध बनाउने ।

उल्लेखित यी कार्यहरू आचरणमा उतार्न सक्यौं भने पक्का पनि सम्पूर्ण लोकमा शान्तिको झण्डा फर-फराएको देख्नेछौं, यसमा अल्पमत नहोला । त्यस्तै वाक्यको तेश्रो अंशमा 'सचित्त परियोदपनं' वा चित्त परिशुद्ध गर्नु भनेका छन् । यो आफैंले आफूलाई चिन्न सक्ने प्रमुख पथ पनि हो । बहुसंख्यक मानवहरू हरपल अर्काको दोष, अवगुण तथा अकुशल कार्य मात्र याद राख्ने गरिन्छ, न त गुण, न त विशेषताहरू नै । यस उसले यस्ता मानविय नराम्रा प्रवृत्तिको अन्त्य गर्न प्रत्येक क्षणमा स्मृति राखनुपर्दछ, आफ्नो क्रियाकलापमा बिचार पुऱ्याउनुपर्छ, आफूले आफैंलाई बुझिराख्नु पर्दछ । यसको लागि "विपस्सना" दर्पण हो ।

हाम्रो मानसपटलमा गुञ्जिरहने अपशब्द, नराम्रा विचारधारालाई पहिचान गरी जरैदेखि फाल्नुपर्दछ । त्यस्तै राम्रा, कुशल विचारधारालाई ज्ञात गरी, प्रसय दिई दिन दुगुणा रात चौगुणा पल प्रति पल बृद्धि गराउँदै लैजानु पर्दछ । यसबाट हाम्रो चित्त सदैव विकारमुक्त, परिशुद्ध बनिरहने छ । यस्ता भावनाका धनीहरू शायदै परजनको कुभलो चिताउला, सायदै आफ्नो निजी स्वार्थपनाको लागि परजनको सार्वभौमिकतामा आक्रमण गर्ला, शायदै पर जनलाई दुःख दिदै, प्राणी हिंसा गर्दै, चोरी, ब्यभिचारी आदि गर्दै हिंड्लान् । संक्षिप्तमा भन्नुपर्दा चित्त परिशुद्ध हुनेहरूले सम्पूर्ण पापकार्यबाट अलगी, कुशल कार्यहरूबाट आफ्नो चरित्र परिष्कृत, परिमार्जित गर्दै लानेछ ।

अन्तिम वाक्यांश "एतं बुद्धान सासनं" अर्थात यही बुद्धहरूका शिक्षा (शासन) हुन् । लोकमा अतितदेखि वर्तमानसम्म २८ बुद्धहरूको उत्पत्ति भइसकेका छन्, किन्तु कुनै पनि बुद्धले यी माथिका आधारभूत तथ्यको विपरीत उपदेश दिनुभएको सुईंकोसम्म पाउन सक्तैनौं । हर एक बुद्धको उपदेश दिने तौर तरिकामा भिन्नता होलान्, तापनि निष्कर्षमा यिनै उपदेशले प्रमुखता पाएका हुन्छन् । तसर्थ हामी ठोकुवा गर्न सक्छौं, अतितमा भइसकेका, वर्तमानमा भएका तथा भविष्यमा हुने सम्पूर्ण बुद्धहरूको प्रमुख उपदेश पाप नगर्नु, कुशल कार्य गर्नु, चित्त परिशुद्ध बनाउनु मै केन्द्रित हुनेछ ।



Downloaded from http://www.dhamma.digital

यी प्रमुख कुराहरूको अध्ययन गरी, चरित्रमा यथार्थ चित्रित गर्न सकेमा विश्वभरी एकछत्र शान्तिको साम्राज्य स्थापना गर्न सक्षम हुनेछन् । प्रयत्न गरे यो कार्य त्यत्ति कठीन पनि छैन । यदि यी तीनवटा कुराहरूको परिपालना गर्नाले पनि विश्व-अस्तित्वमा लागेका प्रश्न चिन्ह लोप भएर शान्ति नै शान्तिको साम्राज्य कायम हुन्छ भने तिमी-हामी यसको परिपालना गर्न किन प्रयत्न नगर्ने ? ■

## जित

✍ भिक्षु विशुद्धानन्द

मैत्रीले जित्नु क्रोधीलाई जित्नु गुणले अवगुणीलाई
दानले जित्नु कञ्जुसीलाई, जित्नु सत्यले असत्यलाई

जो हजारौं हजारलाई संग्राममा जित्नु भन्दा
जसले जित्दछ आफूलाई उ महान संग्राम जित
जो बांच्दछ सयौं वर्ष भई असंयमित दुराचारी
बेश एक दिन बांच्नु भई ध्यानी सदाचारी

क्रोधको आवेशलाई जसले रथ झैं रोक्दछ
उसैलाई सारथि भनिन्छ उसैलाई विजयता
पुरानो कुरा न सोच्ने भविष्यको चिन्ता नलिने
वर्तमानमा सन्तोषी उसैको अनुहार हँसिलो

## उपासक

सत्य अनुभूति गर्न बुद्धको शरण गएको सत्य
आचरण गर्ने धर्मको शरण गएको
सत्यमा प्रतिष्ठित हुन संघको शरण गएको
हुं म उपासक हुं म उपासक

दान पुण्य गरी सन्तोष हुन सिकेको
शील पुण्य गरी इन्द्रिय संयम गरेको
भावना पुण्य गरी गल्ति स्वीकार्न जानेको
हुं म उपासक हुं म उपासक

शील शिक्षाले निर्भिक निडर बनेको
समाधि शिक्षाले लगनशीलता ल्याएको
प्रज्ञा शिक्षाले यथार्थ ज्ञान जगाएको
हुँ म उपासक हुँ म उपासक

अनित्य बोधले अनाशक्त हुन थालेको
दु:ख बोधले तृष्णा वशमा राखेको
अनात्म बोधले आत्मनिर्भर भएको
हुं म उपासक हुं म उपासक

## बाँच्नको लागि बुद्धधर्मको सहारा

✍ श्रामणेर "तकदिर" यश कीर्ति
नगर मण्डप श्रीकीर्ति विहार
कीर्तिपुर, काठमाडौं, नेपाल ।

समाजले नै मानिसलाई सबै अधिकार पाउनु पर्छ भन्छ
विवसतामा परे पछि मान्छेलाई समाजले नै ठग्छ
आमाबाबुबाट नै सहारा नपाउँदा
भएका सबै साथीहरू टाढा भइदिँदा
समाजले लुट्यो मलाई एक्लो पारेर
केही खुशी पाउन सकिन म यहाँ बसेर

भएजति आँशुहरू सबै बगाइसकें
भएजति आफन्तहरू सबै भुलाईसकें
म त एउटा काम नलाग्ने अभागी रहेछु
सबै कुरा लुटिसक्यो अब घृणित भएछु

सबैले मलाई नै छि:छि; थु:थु: गर्छन्
बोल्न खोज्दा पनि सबै टाढा भाग्छन्
सहारा आफ्नो भएपनि नभएको सरी
यस्तै दु:ख खानुपर्छ मैले जीन्दगी भरी

बसन्तमा रमाउन खोज्दा बसन्तनै टाढिएछ
खुसीहरूमा रम्न खोज्दा खुसीनै खोसिएछ
उज्यालोको खोजीमा भौंतारिंदा उज्यालो पाइन
जीन्दगीमा कसैले पनि सहारा दिएन

उज्यालोमा जान लाग्दा अँध्यारो छाई दिन्छ
ओंठमा मुस्कान ल्याऊँ भन्दा आँखामा आँशु भरिन्छ
यताउता हिंड्न खोज्छु पाउ सर्दैन
बरू कर्कलाको पानीले ठाउँ पाउँछ मैले पाईन

कुनै ठाउँमा जान खोज्छु यता नआउ भन्छ
जहाँ पाउ राख्छु त्यहाँबाट पाउ सार भन्छ
पछाडि फर्कौंभन्दा यता नफर्क भन्छ
कहीं पनि नबस बरू मर भन्छ

भयो बाँच्नको लागि एउटै सहारा
प्रव्रजित भएर हुन सकुं म सबैको प्यारा
उद्देश्य छ मेरो बुद्ध धर्मको प्रचार प्रसार
ल्याउन सकुं म शान्तिको ध्वनी सारा संसार


Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति पत्रिकाया मिसा च्वमिपिं - ११

✍ प्रेमहिरा तुलाधर

प्रस्तुत लेख धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी स्थापना जुसां निसें लगातार पिदना वया च्वंगु "धर्मकीर्ति" दँपौया दँ.१५ ल्या: १ स पिदंगु "धर्मकीर्ति पत्रिकाया मिसा च्वमिपिं- १" धैगु च्वसुया भिंनिगूगु ब्व ख: । थुगु च्वसुइ धर्मकीर्ति दँ पौया दँ १२ ल्या: १२ स दुथ्यापिं मिसा च्वमिपिं व वयक: पिनि च्वसुया बारे छुं खँ न्ह्यब्वय् त्यनागु दु ।

थुगु दँय् धर्मकीर्ति पत्रिका दँपौ जुया मखु स्वलापौ व निलापौ जुया पिदंगु दु। थुगु दँया (वि.सं. २०४०) दकलें न्हापाया धर्मकीर्ति पत्रिकाया स्वाँया पुन्हीया अंकय् लय्ताया खँ धका "धर्मकीर्ति विहारया दँपौ धर्मकीर्ति सकसिगु ग्वाहालि द:सा स्वलापौ जुया पिदने त्यंगु दु, धर्मकीर्तियात ग्वाहालि विया दिसँ, थ्व छिगु हे पत्रिका ख: धैगु विज्ञापन थें ज्या:गु समाचार नं पिहाँ व:गु दु। थज्यागु समाचार पिदंसां धर्मकीर्ति पत्रिकाया स्वाँया पुन्हि अंकया ठिक्क स्वला लिपा श्रावणं पिदने मा:गु थुगु पत्रिकाया निगूगु ल्या: यंह्या पुन्हि खुन्हु २०४० आश्विनं जक पिदने फत। थुकथं थुगु हे दँय् मेगु धर्मकीर्ति पत्रिका निलापौ जुया यंह्या पुन्हि अंक निसें पिदन। थुगु पत्रिकाया निगूगु ल्या: या मुख पत्रय् हे the dharmakirti - A Buddhist Bi-monthly धका च्वयात:गु दु। नापं थुकिया मेगु पेजय् धर्मकीर्ति पत्रिका बौद्ध द्वैमासिक पत्रिका ख: धका नं उल्लेख याना त:गु दु। थनंलि थुगु ल्या: धुंका निला लिपा २०४० मंसीरया सकिमिला पुन्हि खुन्हु ल्या: ३ जुया पिदन। थुगु ल्या: या निला लिपा मिलापुन्हि खुन्हु ल्या ४ माघ फागुण २०४० धका पिदन। थ्वया हानं निला लिपा २०४० चैत्रं फागु पुन्हि खुन्हु थुगु दँया धर्मकीर्ति पत्रिकाया ल्या ५ पिदन। थुगु दँय् धर्मकीर्ति पत्रिका निला पौ जुया पिदंसां दच्छिया जम्मा ५ गू ल्या: जक पिदंगु दु। थुकथं धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया प्रकाशन धर्मकीर्ति पत्रिका वि.सं. २०२९ सालं निसें बार्षिक प्रकाशनया रूपं प्रकाशन जुजुं वया च्वंगु ख: । नापं थुगु दँ निसें जक थुगु पत्रिका द्वैमासिकया रूपं प्रकाशित जूगु ख: । थुगु च्वसुइ थुगु दँय् प्रकाशित जुगु न्यागू पत्रिकाय् खनेदुपिं मिसा च्वमिपिनि बारे उल्लेख याय्गु जुइ ।

१२. (क) भिक्षु, अश्वघोष (प्र.सं) -
धर्मकीर्ति, दँ १२ ल्या: १ ने.सं. ११०३, बु.सं. २५२७, वि.सं. २०४० धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, धर्मकीर्ति विहार, श्रीघ:नघ:त्वा: काठमाडौं ।

(ख) भिक्षु, अश्वघोष (प्र.सं.) -
धर्मकीति, दं १२ ल्या: २, ने.सं. ११०३ बु.सं. २५२७ वि.सं. २०४० धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, धर्मकीर्ति, विहार, श्रीघ: नघ:त्वा: काठमाडौं ।

(ग) भिक्षु, अश्वघोष (प्र.सं.) -
धर्मकीर्ति दँ १२ ल्या ३, ने.सं. ११०४ बु.सं. २५२७, वि.सं. २०४० धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, धर्मकीर्ति विहार श्रीघ: नघ:त्वा:, काठमाडौं ।

(घ) भिक्षु, अश्वघोष (प्र.सं.) -
धर्मकीर्ति, दँ १२ ल्या: ४ ने.सं. ११०४ , बु.सं. २५२७, वि.सं. २०४०, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, धर्मकीर्ति विहार, श्रीघ: नघ:त्वा:, काठमाडौं ।

(ङ) भिक्षु, अश्वघोष (प्र.सं.) -
धर्मकीर्ति, दँ १२ ल्या: ५, ने.सं. ११०४, बु.सं. २५२७, वि.सं. २०४० धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, धर्मकीर्ति विहार, श्रीघ: नघ:त्वा: काठमाडौं ।

वि.सं. २०२९ सालं निसें दँपौया रूपं पिदना थुगु दँ वि.सं. २०४० सालं निसें निलापौ जुया पिदना वयाच्वंगु धर्मकीर्ति पत्रिकाया दँ १२ ल्या: १,२,३,४,५ स खनेदुपिं मिसा च्वमिपिं व वयक:पिनि च्वसुत क्वय् न्ह्यथना कथं दु ।

१. दँ १२ ल्या: १
(क) तुलाधर, लोचनतारा- बुद्ध व सुखमय जीवन - पौ २-४, ८
(ख) अनगारिका, माधवी - बुद्ध शासनया आयु - पौ १८-१९
(ग) डंगोल, मुन देबी - दोष मालेगु - पौ २० - २२

२. दँ १२ ल्या: २
(क) तुलाधर, लोचन तारा- सत्यबादी व वातावरण - पौ ५-७

३. दँ १२ ल्या: ३.
(क) अ. धम्मवती - न्यागः मिखा - पौ २-४
(ख) बज्राचार्य, शान्ती - बुद्ध धर्म र यस्को उपादेयता - पौ १२-१३.

४. दँ १२ ल्या: ४
(क) बनियाँ रीना - मभिंपि पासा मनालेगु-पौ ४-५,८
(ख) अनगारिका, अनुपमा - चीधिक:म्ह राजकुमार - पौ ९-१०



Downloaded from http://www.dhamma.digital

५. दँ १२ ल्या: ५

(क) ताम्राकार, बीना - पण्डितापिनिगु संगत मंगल- पौ २,६

(ख) मानन्धर, सुशीला देवी - बौद्ध धर्ममा नारी जातिको स्थान- पौ १०-११

थुगु दँ निसें निला पौ जुया पिदंगु धर्मकीर्ति पत्रिकाया थुगु दँया न्यागू ल्याखय् याना मुक्कं स्वीप्यम्ह च्वमिपिनि च्वसु पिदंगु दु । गुकी फिम्ह हे जक मिसा च्वमिपिनिं च्वसु दुथ्यागु दु ।

धर्मकीर्ति पत्रिकाया दँ १२ ल्या: १ स दुथ्यापिं स्वम्ह मिसा च्वमिपिं मध्ये न्हापांम्ह मिसा च्वमि मयजु लोचनतारा तुलाधरजु ख: । थ्वयक:या "बुद्ध सुखमय जीवन" धैगु च्वसुइ वयकलं भीगु मनुष्य जीवन धैगु अमुल्यगु जीवन जूगुलिं थज्यागु जीवनय् सुखी जुया म्वाय् सयकेमा: तर मनूतयसं सुखी जीवनया लँपु मसिया सुख मालेत संसं दु:खं पुंका च्वनेमाला च्वंगु दु धैगु खँ न्ह्यथना दिसें वयकलं बुद्धं धया बिज्याथें गृहस्थी च्वनीपिनि प्यताजिया सुख दुगु खँ नं उल्लेख याना दीगु दु । गथे (१) अत्थिसुख- फुक्कदु धायगु सुख (२) भोग सुख - थ:म्हं कमय् यानागु धन भोग याय्गु सुख (३) अनण सुख - साहु = क्यंका च्वने म्वा:लिगु सुख (४) अनवज्ज सुख - निर्दोषी जुया म्वाय्गु सुख । तर थज्यागु सुखं वञ्चित जुया च्वनेमा:गु कारण मनूत असन्तोषी व समाजं धाइल्हाइया भयं याना व देशया आर्थिक प्रशासनीक नीतिं याना ख: । अले भीगु जीवन सुखमय् यायत न्याता प्रकारया सम्पति गथे (१) बुं जग्गा आदि अचल सम्पति (२) किसि सल, फै, मेय् आदि चल सम्पति (३) शिल्प शास्त्र शरीर समान सम्पति (४) लुँ, वह, ध्यवा आदि तुरुन्त ज्या वैगु सम्पति (५) न्ह्याबलें भीगु ल्यूल्यू वइगु पुण्य धन मा: धैगु खं नं न्ह्यथना दीगु दु । तर थुगु सम्पति प्राप्तीया लागि प्यता गुण धर्म गथे (१) अखण्ड उत्साह (२) आरक्षा (३) भिंपिं पासा (४) आम्दानी अनुसार अर्च आदि गुण पुरे ज्वीमा: धैगु खँ नं उल्लेख याना दीगु दु । थुकथं बुद्धं कना बिज्यागु लँपुई पला:तय् फ:सा भीगु गृहस्थी जीवन सुखमय जुइ धैगु खँ लेखिका मय्जुं भी सकसितं कना दीगु दु ।

थुगु हे ल्या: या मेम्ह मिसा च्वमि अनगारिका माधवी गुरुमां नं च्वया बिज्यागु "बुद्ध शासनया आयू" धैगु च्वसुइ वसपालं बुद्ध शासन वा बुद्ध धर्मया आयू धैगु हे विनय पालन याना च्वनीपिं भिक्षुपिं दै च्वनीगु ख: धया बिज्यासे बुद्ध धर्मय् गुणं जा:पिं विनय धर्म पालन याइपिं भिक्षुपिं दयकेगु, बौद्ध शिक्षाया प्रचार याय्गु व बुद्ध धर्म अध्ययन याय्त सफू च्वयगु सम्पादन याय्गु प्रकाशन याय्गु ख: धै बिज्यागु दु । नापं बुद्ध शासनया आयू ताहा याय्त नेपालय् नं अनवरत प्रयास जुया च्वंगु खँ उल्लेख याना बिज्यासे नेपालय् नं विभिन्न विहारय् भन्ते, गुरुमांपिसं मचातय्त प्रब्रजित याना, बौद्ध परियति शिक्षा धैगु दयका, बुद्धधर्म स्यने कनेयाना बौद्ध शिक्षाया प्रचारयाना, बुद्धधर्म सम्बन्धी सफूत प्रकाशित याना बुद्ध शासनया आयू ताहा जुइगु उपाय् याना वयाच्वंगु दु धैगु खँ नं भी सकसितं कनाबिज्यागु दु । अले लंका बर्मा आदि थायथासय् वना बुद्धधर्मया अध्ययन याना थ:गु देशय् लिहाँ बिज्याना धर्मया चेतना थना च्वंपि भन्ते गुरुमांपिं दुगुलिं बुद्ध शासनया आयू अवश्य ताहा जुइगु विश्वास याना बिज्यासे बुद्ध शासनया आयू ताहाकेत विभिन्न कथं योग्यता दुपिं भन्ते गुरुमांपिन्त भी सकस्यां फुगु चा:गु ग्वहालि यायया नितिं आह्वान याना बिज्यागु दु ।

थुथेहे थुगु ल्या:या मेम्ह मिसा च्वमि मय्जु मुनदेबी डंगोलजुं "दोष मालेगु" धैगु थ:गु च्वसुइ वयकलं थौंया संसारया मनूतयके थ:गु दोष तोपुइगु कर पिनिगु दोष जक माला: कचवं पिकायगु वानी दुगुलिं थौंया मनूतय मन चीधं जुयावल, थ:जक म्वायुगु थ: जक कतिलाकेगु मेपिं न्ह्याथे जूसां वास्ता मदुगु स्वार्थी भाव ब्वलना व:गु खँ न्ह्यथना दिसें भगवान बुद्धं धै बिज्याथें भीसं थ:त थ:म्हं म्हसीकेमा:, थ:गु दोष थ:म्हं खंकेमा: अले जक भीसं सुख सी धैदीगु दु । नापं करपिनिगु दोष मालेगु बानिं थ:त हे म्ह सुख मदय्का च्वनेमाली, मने डाहा जुइका पश्चाताप जुइका च्वनेमाली धका सकसितं थ:गु दोष त्वपुया करपिनिगु दोष जक मालेगु बानि त:धंगु दुर्गुण ख: धका ध्वाथुइक कना दीगु दु । अले पासापिसं मखुगु नियतं दोष माला अहिंसक यात हिंसक अंगुलिमाल याना ब्यूगु वाखं छपु नं न्ह्यथना लेखिका मयजुं भीसं नं करपिनिगु दोष मालेगु स्वया थ:गु दोष थ:म्हं खंका न्ह्यज्यां वन धा:सा भीगु जीवन सुखमय जुइगु खं न्ह्यथना दीगु दु ।

धर्मकीर्ति पत्रिकाया दँ १२ ल्या: २ स खने दुम्ह छम्ह हे जक मिसा च्वमि मयजु लोचनतारा तुलाधरजुया "सत्यवादी व वातावरण" धैगु च्वसुइ वयकलं बुद्धत्व प्राप्त यायत पुरय् याय् मा:गु भिगू पारमिता मध्ये न्हेगूगु पारमिता सत्य पारमिताया सत्य धैगु मखुगु खँ मल्हाय्गु अर्थात वास्तविकतायात मसुचुकेगु ख: धका सत्यया परिभाषा विया दिसें सत्यताय् च्वंम्ह, मनू न्ह्यावलें इमान्दारीम्ह, निर्भिकम्ह, विश्वासीम्ह, रूप वांलाम्ह जुइ, उकिं त:धंपिं मनूतयके दयमा:गु विशिष्ट गुण मध्यय् थ्व सत्य छता नं ख: धयादीगु दु । नापं फुक्क मनूत सत्यताय् च्वनीपिं जूसा भीगु समाजय् दया च्वंगु समस्यात आपालं म्ह जुइगु खं न्ह्यथना दिसें कायरता अर्थात ग्या: पहलं याना हे मनूतय्सं मखुगु खँ


Downloaded from http://www.dhamma.digital

ल्हाइगु खः अले थज्यागु ग्याःपहलं थः मचाबले ब्वलना वःगु" वातावरणया प्रभाव खः धैगु खँ नं कना दिल। उकिं माँबौपिसं मचांनिसें थः मस्तयत सत्यगु खँ ल्हायत् ग्याय् मज्यूगु स्यना बीमाः। अले असत्य खं ल्हाना मेपिनिगु जीवनय् हानी जूवनीगुलिं म्वाःमदुगु खँ ल्हाय्गु सिकं ब्वनेगुली, ध्यान याय्गुली व मेमेगु ज्याय् ब्यस्त जुया असत्य' खँ ल्हायगुलिं बचे ज्वीत भी सकसितं सल्लाह वियादीगु दु।

धर्मकीर्ति पत्रिकाया दँ १२ ल्याः ३ स खनेदुपिं मिसा च्वमिपिं मध्ये न्हापाम्ह मिसा च्वमि श्रद्धेय धम्मवती गुरुमां खः। वसपोलया "न्यागःमिखा" धैगु च्वसुइ वसपोलं बुद्ध स्वीन्यादंया बैसय् बुद्ध जुया बिज्याना सारनाथे पंच भद्रवर्गीपिनि न्ह्योने थ्यंका तिनि जिके मिखा दत धका धया बिज्यागु मिखा मध्ये श्रेष्ठगु ज्ञानया मिखा प्राप्त जूगुयात धया बिज्यागु खः धका धयाविज्यासें न्यागू प्रकारया मिखाया वर्णन याना बिज्यागु दु। गथे

(१) मंस चक्षु - साधारण प्राणीपिंके दुगु लाया मिखा
(२) धर्म चक्षु - उत्पत्ति जूगु फुक्क नास ज्वी धका खंगु ज्ञान
(३) दिव्य चक्षु - विशेष ज्ञानया मिखा
(४) ज्ञान चक्षु - फुक्क ज्ञानं पूर्ण जूगु
(५) समन्त चक्षु- दश पारमिता, दश उपपारमिता, दरपरमार्थ पारमी आदि पुरे याना पंचमार विजययाना प्राप्त ज्वीगु ज्ञान।

हानं थुपिं ज्ञानया मिखा प्राप्त याय्त स्वय वियागु स्वंगू ज्ञानया तहलय् थहाँ वने माःगु खं नं कना बिज्यागु दु। गथे (१) सुत्तमय ज्ञान - वाखं न्यना, सफू पत्रिका स्वया प्राप्त ज्ञान (२) चिन्तामय ज्ञान - सुत्तमय ज्ञानयात थुइका थःगु जीवनय् भिं जुइकथं कल्पना याय् फयकेगु ज्ञान (३) भावनामय ज्ञान - सुत्तमय ज्ञानं न्यना थुइकाथें चिन्तामय ज्ञानं थःत भिं जुइथें विचा याना थःगु न्हिन्हिस्या जीवनय् व ज्याय् छ्यला अनुभव याना यंकेगु भावनामय ज्ञान खः। थुकथं बुद्धं प्राप्त याना बिज्यागु ज्ञानया मिखाया बारे धम्मवती गुरुमां नं भी सकसितं ध्वाथुइक कना बिज्यागु दु।

थथेहे थुगु ल्याःया मेम्ह मिसा च्वमि मय्जु शान्ती बज्राचर्य जुं "बुद्ध धर्म र यस्को उपादेयता" धैगु च्वसुइ वयकलं ब्यवहारिक जीवनय् तकं बौद्ध धर्मया उपादेयता दुगुलिं थौंया विश्वय् भगवान् बुद्धया अनुयायीत न्हियान्हिथं बढे जुजुं वया च्वंगुलिं थौंया आधुनिक व वैज्ञानिक युगय् बुद्ध धर्मया तःधंगु महत्व दु धयादिसें बुद्धधर्म पाखें जक विश्वया आर्थिक समानता राजनैतिक स्थिरता, शान्तीपूर्ण वातावरण सिर्जना जुइगु सम्भव जुइ धयादीगु दु। नापं भगवान बुद्धं धया विज्यासें प्राणी मात्रयात मैत्री, करूणा, प्रसन्नता व तटस्थता भावं ब्यवहार याना वन धाःसा थःथःगु जीवन सार्थक जुइ उकिं बुद्ध धर्म कोरा काल्पनिक सिद्धान्त व दर्शन जक मखु बुद्ध धर्म मानव जीवन नापं प्रत्यक्ष रूपं सम्बन्धीत जूगलिं थौंया गतिशील एवं भौतिकबाद युगया परिप्रेक्षय् नं बौद्ध धर्मया महत्व व उपादेयता दुगु खः धका च्वमि मयजुं भी सकसितं कनादीगु दु।

थथेंहे धर्मकीर्ति पत्रिकाया थुगुदँया ल्याः ४ स दुथ्यापिं च्वमि मय्जुपिं मध्यय् मयजु रीना बनियाँ या "मभिपिं पास मनालेगु" धैगु च्वसुइ वयकलं मंगल शब्दया शाब्दीक अर्थ कथं नरके वनेगु लँपु थुनेगु ज्या अर्थात् सकल लोकया उन्नति वृद्धि जुइगु व फुक्क पाप नास जुइगु ज्या खः धका कनादिसें छगू समय राजगृह नगरया संस्थागारे मुनाच्वंपिं मनूतय् थवंथवय् मंगलया चर्चा याना गुलिंस्यां भिंगु मंगलगु रुप खनीगु हे मंगल खः धाल, गुलिस्यां भिंगु मंगलगु खं न्यनेगु मंगल खः धाल गुलिस्यां भिंगु मंगलगु थीगु नतुनेगु स्वाद कायगु मंगल धाःगु खँयात कया भिंनिदं तक विवाद जुसेंलि इन्द्रं देवतापिन्त बुद्धयाथाय् वना न्यंवनेत आज्ञा जुसेंलिं आपालं देवतापिं मुना मंगलया बारे कना बिज्याहुँ धका बुद्धयात प्रार्थना याना विज्यासेंलिं ११ पु गाथा द्वारा ३८ गू मंगल धर्म कना बिज्यागु खँ नं लेखिका मयजुं न्ह्यथना दिल। नापं भगवान बुद्धं कना बिज्यागु भिंपिनिगु संगत यायगु, बेलावखतय् धर्मया खँ छलफल यायगु आदि ३८ गथू मंगलयात भीसं जीवनय् छ्यले फत धाःसा भी सकलें सुखी जुई फइगु विचाः नं प्वंका दीगु दु। अले ११ गू मंगल गाथा मध्ये न्हापांगु मंगल गाथा अनुसारं मुर्खजन पिनिगु संगत मयायगु, पण्डितपिनिगु संगत यायगु व पूजा याय योग्यपिन्त पूजा यायगु मंगल खः धया बिज्याथें भीसं नं मभिंपिनिगु सत्संगत त्वःता भिंपिनिगु सत्संगत याना वन धाःसा भीसं गबलें दुःख भोगय् याय माली मखु धैदिसे मभिंपिनिगु संगतं याना मभिंगु लँय् लाःवंपिं बुद्धकालिन निम्ह व्यक्तिपिं अजातशत्रु व अंगुलिमालाया दसु नं वियादीगु दु।

थुगु हे ल्याःया मेम्ह मिसा च्वमि अनगारिका अनुपमा गुरुमांया "चीधिकःम्ह राजकुमार धैगु वाखँ दुथ्याःगु ६ पु मस्तय् नितिं शिक्षाप्रदगु च्वसु खः। वसपोलं थ्व च्वसुइ भी गबलें अल्सि जुयाच्वने मज्यू अल्सि जुया ल्हाः प्वःचिना च्वन धाःसा थःके दुगु भाग्य नं तंका च्वने माली धै विज्यासे भीसं न्ह्याबलें उत्साही जुया बुद्धि न्ह्यब्वाका कुतः याना वन धाःसा न्ह्यागुं ज्या याय फै धैगु खँ न्ह्यथना बिज्यागु दु। नापं थुगु च्वसुइ अल्सि मचासें थः बौम्हं न्यंगु स्वंगू न्ह्यसः लिसः लुइका



Downloaded from http://www.dhamma.digital

प्यम्ह दाजुपिसं बिइ मफुगु लिस: दकले चीधिक:म्हं राजकुमारं बिया राज्य ल:ल्हाना काल धैगु वाखँ न्ह्यब्वया भ्हीसं नं न्ह्यागुं ज्या अल्सि मचासें याना वन धा:सा सफल ज्वी धैगु उपदेश बिया बिज्यागु दु ।

धर्मकीर्ति पत्रिकाया दँ १२ ल्या: ५ स दुथ्या:पिं मिसा च्वमिपिं मध्ये च्वमि मय्जु वीना ताम्राकारया "पण्डित पिनिगु संगत मंगल - २ धैगु च्वसुइ वयकलं मंगलया परिभाषा बिया मंगल धैगु मनूतयगु जीवन नारकीय जुइगु लँपु त्वाल्हाय्गु, चित्त शुद्ध याय्गु ख: धैदिसे भगवान बुद्धं कना बिज्यागु ३८ गू मंगल मध्ये मभिंपिनिगु संगत मयायगु व पण्डितपिं पासा नालेगु मंगल ख: धैदीगु दु । नापं भ्हीगु जीवन सुथांलाक्क न्ह्याकेत भ्हीसं न्ह्याबलें भिपिं पासापिनिगु संगत यायमा: मभिपिं पासापिनिगु संगतय् लात धा:सा भ्हीसं दु:ख सी माली धैदिसे पिने भ्हीत पासा मा:थें छ्येँया लागि भिंम्ह पासा थ: मां ख: अले मिजंया लागि कला: व मिसाया लागि थ: भा:त मुख्यम्ह मित्र ख: धका गृहस्थीपिनि लागि बुद्धं कना बिज्यागु खँ नं न्ह्यथना दीगु दु । अले देवदत्तया संगतय् लाना अजातशत्रु मभिन, मभिंपिं पासापिंसं चुक्लियाना अंगुलिमालयात स्यंका बिल । लिपा बुद्धया संगतं निम्हं भिंगु लँय् वंगु खँ न्हयथना दिया भ्हीसं नं न्ह्याबलें भिंपिनिगु संगत यायमा:गु साहुति बियादीगु दु ।

थथेहे थुगु ल्या: या मेम्ह मिसा च्वमि मय्जु शुशिला देवी मानन्धर जुया "बौद्ध धर्मय् नारी जातिया स्थान" धैगु च्वसुइ वयकलं छु नं देशय् मिसा व मिजं निम्हं उलि हे सक्रिय मजुइकं छें, समाज व देश न्ह्यज्यांवने फै मखु धैदिसें थौं शिक्षाया प्रचार प्रसारं याना मिजं सरह मिस्तयत नं समानता, स्वतन्त्रताया अधिकार बिया हयाच्वंगु दुसां व्यवहारिक रूपय् समान अधिकार उपभोग याय खनाच्वंगु मदु धैदीगु दु । तर थौं स्वया २५०० व चा:चू दँ न्ह्यो हे बुद्धं मिस्तयत नं समान अधिकार बिया बिज्यागु खँ ला भिक्षुपिन्त अग्रस्थान बियात:थें भिक्षुणी पिन्त नं अग्रस्थानया पदवी बिया बिज्यागु खं सीदु धैगु खँ न्ह्यथना दिया न्हापा हे च्वय् थ्यने धुंकूपिं मिस्त लिपा हानं बाल विवाह, बहु विवाह या प्रथा हया मिस्तयत शोषण याना ह:गु ख: । अयसां २००७ सालया प्रजातन्त्र लिपा मिस्त नं डाक्टर, वकील, कुशल प्रशासक, साहित्यकार आदि जुया पिहाँ व:गु दु । थज्यागु स्वतन्त्रयातायात वचे याना तयगु मिस्तयगु हे ज्या ख: । स्वतन्त्र दत धायवं न्ह्योने ला:थें सनेगु याना जुल धायवं दुगु अधिकारया छुं महत्व दै मखु उकिं नारी स्वतन्त्रतायात व्यवहारय् हयगु ज्या मिस्तयके दुगुलिं मिस्त नं सक्षम व संयमी जुया न्ह्यज्यावनेत लेखिकाजुं आह्वान याना दीगु दु । ■

## सफलता - असफलता

✍ यामबहादुर श्रेष्ठ
यशोधरा मा.बि., टक्सार

यो मन–
कहिले हाँस्यो ताली बजाई
त, ... ... रोयो आँशु बगाई
हाँस्यो-हँसायो, रोयो रूवायो
परिणाम–
असक्तता-विवशताको धारिलो
धारिलो खुकुरी प्रहार
प्रहार अनि विछट्टै घायल
घायल मनको उपचार पाइन,²
तै पनि–
एउटा मलहम त लगाउनै पऱ्यो
घायल मनमा मलहम लगाए
आशमा–
चोट निको हुन्छ कि भनेर²
तर अफशोच–
आलो चोट पाइला पाइलामा
हृदय चुहान मरूमा ... ... क क झस्किन्छ,
झस्किन्छ, अनि अनन्त मनलाई
दर्दनाक, राहतको प्रतिक्षामा

## कर्म

✍ राजेन्द्र डंगोल
जि.ग. विहार, खोना

माँ, बौ नं व़ाका च्व़नेवं
अभागिला छ ख हे मखु
छ्छा: छकू नय्मखंसां छ
गरिबला धाय्मछिं स्व
शाक्यकुलया व़ मचा खंला
न्हचेनुदय्का माँ नं व़ाका च्व़न
नय़ेगु, त्वनेगु फुक्क त्व़ता व़ ध्यानं
बुद्ध जुया क्यन स्व जगतय् ॥



Downloaded from http://www.dhamma.digital

## बुद्ध शिक्षा र समानता

२०५५ माघ १६ गते। यसदिन भिक्षुणी वीर्यवतीले बुद्ध शिक्षा र समानता विषयमा प्रवचन गर्नु हुँदै भन्नुभयो - "झण्डै २६०० वर्ष पहिले महामानव गौतम बुद्धले दिनु भएका उपदेशहरू कुनै खास समूह वा सम्प्रदायका लागि मात्र नभई सम्पूर्ण मानव जातीको लागि हो। बुद्धले सिकाउनु भएको शिक्षालाई महिला, पुरुष, उँच, नीच, धनी, गरीव सबै क्षेत्रका मानव जातीले चाहेको खण्डमा यसलाई अध्ययन गरी चिन्तन मनन गरी आफ्नो जीवनमा प्रयोग गर्न सकिन्छ। बुद्धशिक्षा अनुसार धर्ममा कुनै प्रकारको भेदभाव हुँदैन। जसले धर्मलाई धारण गर्छ, उसलाई धर्मले नै रक्षा गर्दछ।

तर यहाँ प्रमुख समस्या त बुद्ध शिक्षालाई बुझ्न नसक्नु र बुझे पनि बुझ पचाउने बानीले गर्दा यसलाई पालन गर्न नसक्नु हो। जसले संसारको यथार्थ स्वभाव (प्रतिक्षण अनित्य हुँदै गइरहेको संसार, आठ प्रकारका दुखले भरिएको संसार र आफ्नो बसमा नरहेको संसार) लाई भित्री हृदयले बुझ्छ, उसले बुद्ध शिक्षा अनुसार आफ्नो चित्तलाई शील (आफ्नो शरीर, वचन र मनद्वारा अरूको शरीर, मन, धन र यशकीर्तिमा हानी नपुऱ्याई कार्य गर्ने), समाधी (आफ्नो चित्तमा हर बखत टाँसिरहने नचाहिँदो आशक्तिपना, क्रोध र बेहोशीपनालाई केही समय भएपनि हटाई चित्त निर्मल पार्ने) र प्रज्ञा (राग, द्वेष, मोह रूपी कालो बादल बिनाको निर्मल चित्तले कर्म र कर्मफल बिषयमा दृढ बिश्वास गरी संसारमा उत्पन्न भइसकेका जति पनि सजीव र निर्जीब बस्तुहरू र प्राणीहरू छन्, तिनीहरू प्रतिक्षण नाश भएर गइरहेका छन् भन्ने विषयमा राम्रो ज्ञान हुने)ले पवित्र पार्न सक्नेछ। जसको चित्त शील समाधी र प्रज्ञाले निर्मल बन्छ उसको चित्त स्वभावैले मानसिक शान्ति (आध्यात्मिक शान्ति)ले भर्नेछ। यही हाम्रो जीवनको लक्ष पनि हो। यसलाई नै धर्म अर्थात् पुण्य भनिन्छ। त्यसैले धर्मलाई बाहिर होइन हाम्रो मन भित्र खोज्नु पर्दो रहेछ।

धर्म कसैले दिएर लिने बिषय होइन। यसलाई त जसले अभ्यास गर्छ, त्यसले प्राप्त गर्न सक्नेछ। त्यसकारण धर्मले सबैलाई समान स्थान दिने गर्छ। उदाहरणको लागि बुद्ध कालिन थुप्रै घटनाहरू मध्ये एउटा घटना लिन सकिन्छ।

राजा बिम्बिसारका साधारण छोरा अभय राजकुमार (पद्मावती गणीकाको तर्फबाट जन्मेको छोरा) र स्वयं पद्मावती गणीकाले समेत पनि धर्मलाई आफ्नो जीवनमा प्रयोग गरी रक्षा गर्न सकेको हुँदा उनीहरूले अरहन्त (मुक्ति अवस्था) प्राप्त गर्न सफल भए भने राजा बिम्बिसारकै नजीकका छोरा (राज्यका भागीदार) राजकुमार अजात सत्रुले धर्मलाई समयमै पालन गर्न नसकी अधार्मिक बन्न पुगेको कारणले मानसिक शान्ति गुमाई दुखी जीवन बिताउन परेको थियो।"

श्यामलाल चित्रकारको सभापतित्त्वमा संचालित उक्त कार्यक्रमका संचालिका तारा डंगोल थियो भने रिपोर्टर पनि श्यामलाल चित्रकार नै हुनुहुन्थ्यो।

## सम्यक कर्मान्त

२०५५ माघ २३ गते। यस दिन मदन रत्न मानन्धरले सम्यक कर्मान्त विषयमा ब्याख्या गर्नु हुँदै भन्नु भयो- "सम्यक कर्मान्त भनेको राम्रो कार्य गर्नुलाई भनिन्छ। दश पुण्यक्रियालाई राम्रो कार्य भनिन्छ भने शारीरिक दुष्कर्मलाई नराम्रो कार्य भनिन्छ। शारीरिक दुष्कर्म भनेको चोर्नु, हिंसा गर्नु, ब्यभिचार कार्य गर्नु, आफूलाई बेहोस पार्ने पदार्थ सेवन गर्ने, आदि हुन्।

ब्यापार गर्दा नापतौलमा ठग्ने, घुस खाने कार्य आदि पनि चोर्ने कार्यमा गाभिन्छ। मानसिक यातना र शारीरिक यातना दिने कार्यलाई पनि हिंसा नै भनिन्छ। आफ्नो सुख सुबिधाका लागि अर्कालाई दुःख दिनु जस्ता नराम्रा कार्यहरूलाई ब्यभिचार कार्य भनिन्छ। नसालु पदार्थ सेवन गरी यथार्थतालाई बुझ्न नसकी आफूले गर्नुपर्ने कार्य नगरी कर्त्तब्यहीन बनी हिंड्नु लागु पदार्थ सेवन गरी गरिएको दुष्कर्म हुन पुग्छ।

आजभोलीको समाजमा शारीरिक दुष्कर्महरू ब्यापक रूपमा बढिरहेका छन्। आफ्नै घरमा पनि भ्रष्टाचारले ठाउँ ओगटीरहेको देखिन्छ। नराम्रो नियतले गरिएका कार्यहरू सबैलाई शारीरिक दुष्कर्म भन्न सकिन्छ। त्यसैले हामीले आफ्नो नियतलाई राम्रो पारी सुकर्म र दुष्कर्मलाई छुटाई राम्रो मार्गमा अगाडि बढ्नु


Downloaded from http://www.dhamma.digital

परेको छ। यस्तो गर्न सकेमा हामीले कहिले पनि हीनता-बोधको अनुभव गर्नु पर्ने छैन। फलस्वरूप हामी निडर र निर्भिक हुन सक्नेछौं।

यस दिनको कक्षामा मीनशोभा शाक्यले रिर्पोटिंग गर्नु भएको थियो।

## सहायता दिने १० धर्महरू

२०५५ फागुण १ गते। यसदिन अनुपमा गुरुमाँले सहायता दिने १० वटा धर्महरूलाई यसरी व्यक्त गर्नुभयो।

१. शील - शरीर र वचनलाई संयम गर्ने।
२. बाहु सच्च - सुनेर विद्वान हुनु।
३. कल्याण मित्र - असल साथीहरू साथमा हुनु।
४. सोवचस्सता - राम्रो सल्लाहहरूलाई मान्ने आज्ञाकारी व्यक्ति हुनु।
५. किंकरणियस्सु दक्खता - साथीहरूलाई मद्दत गर्न खोज्नु।
६. धम्मकामता - धर्मको अभिलाषा राख्नु।
७. विरीय - राम्रो कार्य गर्न मेहनती बन्नु।
८. सन्तोष - खाने, लगाउने र रहने अवस्थामा सन्तोषी बन्नु।
९. सति - प्रतिक्षण स्मृतिपूर्वक, होश राखी जीवन बिताउनु।
१०. पञ्ञा - सत्यतालाई देख्न सक्नु।

बुद्ध शिक्षा हेतुवादमा आधारित छ। हरेक क्षेत्रमा कारण र फल अवश्य हुन्छ। कर्म र कर्म फलमा विश्वास हुने व्यक्ति मात्र सम्यक दृष्टी भएको व्यक्ति ठहरिनेछ। कर्म र कर्मफलमा विश्वास गर्ने व्यक्तिले खराब कार्य गर्न सक्दैन। माथि उल्लेखित गुणहरूले सम्पन्न व्यक्तिले आफुलाई राम्रो कर्ममा लगाउन सक्नेछ। यी गुणहरू मध्ये प्रथम गुण शील मानव सभ्यताको चिन्ह हो। शील पालन हुने व्यक्तिको जीवन अवश्य पनि सुखमय बन्न सक्नेछ। शीललाई मानिसको शीर मानिएको छ। शीर विनाको मानिसको शोभा नभए जस्तै शील पालन नगर्ने व्यक्तिको पनि केही शोभा हुनेछैन।

## सारिपुत्र महास्थविरको व्यक्तित्त्व

२०५५ साल फाल्गुण ८ गते यस दिन भिक्षु अश्वघोषले "सारिपुत्र महास्थविरको व्यक्तित्व" विषयमा प्रवचन दिनु भयो।

उहाँ सारिपुत्र भन्तेले बुद्धको मुख्य सिद्धान्त चतुआर्यसत्य राम्ररी बुझ्नु भएको छ र उहाँले सोको राम्ररी व्याख्या गरी अरूलाई पनि बोध गराउन सक्नु हुन्छ। उहाँ प्रज्ञावान हुनु हुन्छ। उहाँ दयावान र सहनशील पनि हुनुहुन्छ। रोगीको सेवा गर्न पनि उत्तिकै तत्पर हुनुहुन्छ। यस प्रकारको उच्च स्तरको भिक्षु भईकन पनि विहारको सुरक्षा र सफाई सुग्घर कार्यमा उत्तिकै ध्यान दिनु हुन्छ। अरू भिक्षुहरू सबै भिक्षाटन गई सके पछि सबै कोठाहरूमा गई हेरी बिछ्यौनाहरू मिलाई दिने बढार्नु परे बढारीदिने, भाँडाकुडाहरू ठिक ठिक ठाउँमा राखी दिने, चर्पी सफा गर्ने, पानीको भाँडामा पानी राखी दिने इत्यादी काम गरी मात्र आफु भिक्षाटनमा जाने गर्नु हुन्थ्यो। सफा सुग्घरको महत्व बारे निम्न एउटा गाथाबाट पनि प्रष्ट हुन्छ।

**वत्तं अपरि पुरेन्तो सीलं नपरि पूरति**
**असुद्ध सीलो दुप्पञ्ञो दुक्खा नपरि मुच्चति।**

**अर्थः** सफागुग्घर र सेवा गरेन भने शील पुरा हुन्दैन, अशुद्ध शील हुनेहरू प्रज्ञाहीन भई दुःखबाट मुक्त हुन्दैनन्।

सारिपुत्र महास्थविरको अर्को एउटा गुण के भने उहाँले स्वतन्त्र चिन्तनलाई विश्वास गर्नु हुन्छ। उहाँले बुद्ध वचन समेतलाई आफैले अनुभव गरी राम्रो भनी ठहर नभए सम्म स्विकार गर्नु हुन्न। ठीक र उपयोगी छ भने मात्र विश्वास गर्नुहुन्छ।

## प्रथम संगायना

२०५५ फागुण १५ गते। यसदिन भिक्षुणी धम्मविजयाले "प्रथम संगायना" विषयमा प्रवचन दिनुहुँदै भन्नुभयो-

नेपाल देशको लुम्बिनीमा जन्मनु भएका सिद्धार्थ कुमारले ३५ वर्षको उमेरमा बुद्ध गयामा बुद्धत्त्व प्राप्त गरी बुद्ध हुनुभयो भने उहाँले सारनाथमा जानुभई आफुले प्राप्त गर्नु भएको ज्ञान पञ्चभद्र वर्गियहरूलाई बताउनुभई धर्मचक्र प्रवर्तन गर्नु भयो। ४५ वर्ष सम्म धर्म प्रचार गर्नु भई ८० वर्षको उमेरमा कुशीनगरमा परिनिर्वाण हुनुभयो। त्यही समय भिक्षु महाकाश्यपले ५०० जवान भिक्षुहरू साथमा लिई बुद्ध दर्शनार्थ आइरहनु भएको थियो। बीच बाटोमा पुगेपछि उनीहरूले बुद्ध परिनिर्वाण हुनुभएको खवर थाहा पाए। यो खवरले धेरैजसो भिक्षुहरूलाई शोकाकुल बनाए। ती भिक्षुहरू मध्ये एक सुभद्र नाम गरेको बुढो भिक्षु भने बुद्ध परिनिर्वाण भएकोले भिक्षुहरू स्वतन्त्र हुन पाए, नियम रूपी बन्धनबाट मुक्त





Downloaded from http://www.dhamma.digital

हुन पाए भन्दै हर्षित भएका थिए। बुद्ध परिनिर्वाण हुनुभई उहाँको दाह संस्कार कार्यनै नसिद्धिदै बुद्ध शासनमा यस्तो नराम्रा कुलक्षणहरू देखापर्न थालेकोले भिक्षु महाकाश्यप ज्यादै चिन्तित हुनु भयो। बुद्ध शासनलाई छिटो लोप हुन नदिनका लागि उहाँले सबै भिक्षुहरूलाई निमन्त्रणा गरी बुद्ध उपदेशहरू सुरक्षित रूपमा संगाल्नका लागि संगायना गर्ने विचार गर्नुभयो।

फलस्वरूप बुद्ध परिनिर्वाण हुनुभएको २ महिना पछि आषाढ पूर्णिमा देखि फागुण सम्म राजगृहको बिभुरा पहाडको सप्तपाणी गुफामा ५०० जवान अरहन्त भिक्षुहरूको जमघटमा भिक्षु महाकाश्यपको नेतृत्त्वमा प्रथम संगायना गरियो। ती ५०० जवान भिक्षुहरूलाई खान पिनको ब्यवस्था गर्ने जिम्मा राजगृहका राजा अजात सत्रुले लिएको कुरो इतिहासले बताउँछ। ती ५०० जवान भिक्षुहरू मध्ये एक भिक्षु आनन्द पनि हुनुहुन्थ्यो। उहाँ बुद्ध जीवित काल देखि बुद्धको सेवा गरी उहाँबाट थुप्रै उपदेशहरू संगालि रहनु भएका बुद्ध शिष्य हुनु भएकोले संगायनामा बुद्ध उपदेशहरू संगाल्न उहाँबाट थुप्रै सहयोग पुगेको थियो। भनिन्छ उहाँले संगायना अवधिभर भित्र नै अरहन्त (मुक्ति अवस्था) प्राप्त गर्नु भएको थियो।

भिक्षु महाकाश्यपको नेतृत्त्वमा सम्पन्न भएको यस संगायनामा विनय पिटकमा एतदग्ग पदवी प्राप्त गर्नु भएका भिक्षु उपालीले पनि भगवान बुद्धका उपदेशहरू पढ्नु भएको कुरा इतिहासमा उल्लेखित छ।

यसरी भिक्षु संघले बुद्ध शिक्षालाई आज सम्म पनि बचाई राखी ठूलो गुण गरेको देखिन्छ।

**NOT TO DO EVIL**
**पाप कर्म कहिल्यै नगर्नु**
**TO CULTIVATE MERIT**
**पुण्य गर्दै जानु**
**TO PURIFY ONE'S MIND.**
**आफ्नो (मन) चित्तलाई शुद्ध गर्नु**
*– This is the teaching of the Buddha.*
***यहि नै बुद्धहरूको उपदेश हो।***

## ६. क्रान्ति

✍ भिक्षु विशुद्धानन्द

बलि प्रथा आतंकवाद हो, जात भेद सामन्तवाद
मूर्ति पूजा दासत्ववाद हो, ईश्वर आस्था अज्ञानवाद
त्यागौं बलि प्रथा, दया न्याय विरोधी
लाज नमानौं भेद, प्रजातन्त्र विरोधी
घृणा नगरौं गुण मानवता, अधिकार कसैको नछिनौं
सेलाऔं मूर्ति पूजा परिश्रम विकास विरोधी
ढीलो नगरौं हुन स्वाबलम्बी, भई पुरुषार्थ नछाडौं
लत्याऔं ईश्वर आस्था, ज्ञान विज्ञान विरोधी
पछि नपरौं गर्न अनुभव, उतार्न जीवनमा नभुलौं

## ७. पञ्चस्कन्छ दुःख

यो कस्तो आत्मियता, यो कस्तो सम्बन्ध
शत्रु बने कि मित्र, भनी देउ तिमी आज
हेरी दिउँ त आँखामा, लाजले विद्रोही हुन्छौ
नहेरी दिउँ त मनमा, डरले अपराधी बन्छौ
छुएमा शरीर तिम्रो, बन्छ ज्वालामुखी तातिएर
नछुइ दिएमा तिमी, बन्छौ हिमाल चिसिएर
नजिक आउ त तिमीलाई, शारीरिक यातना हुन्छ
टाढ़ा जाउँ त तिम्रो, मानसिक दुःख बढ्छ

## ८. विश्लेषण वाद

इतिहास यस्तो कथा हो, जुन दोहरिंदैन
जीवन त्यस्तो व्यथा हो, जुन कोरिंदैन
टल्किंदैमा शीसा हीरा हुने भए
पितललाई पनि सुन भने हुन्छ
पुज्दैमा ढुंगा, देवता हुने भए
बोक्सीलाई पनि, देवी भने हुन्छ
गृहस्थ यस्तो ब्यक्ति हो, जो मुस्कुराइदैन
गृहत्यागी त्यस्तो शक्ति हो! जो सुर्ताउदैन
मुस्काउँदैमा वेश्या प्रेमिका हुने भए
बलत्कारीलाई पनि, प्रेमी भने हुन्छ
रिसाउँदैमा मित्र, शत्रु हुने भए
गुरुलाई पनि, अपराधी भने हुन्छ
विवाह यस्तो कर्म हो, जुन लुकाइदैन
प्रेम त्यस्तो मर्म हो, जुन देखाइदैन


Downloaded from http://www.dhamma.digital

## दिवंगत भिक्षु सुमंगल महास्थविरको अन्तिम संस्कार

भिक्षु सुमंगल महास्थविर (६८ बर्ष) को काठमाडौंको भृकुटीमण्डप स्थित बुद्ध बिहारमा २०५५ फागुण २२ गतेका दिन हृदयाघाटबाट दिवंगत भएको थियो ।



दिवंगत भिक्षु सुमंगल महास्थविर

स्मरणीय छ त्यही दिन दिउँसो उहाँले ललितपुरमा सम्पन्न गरिएको एक कार्यक्रममा भाग लिनुभई बौद्ध बिद्वानको नाताले धर्म बहादुर धाख्वा कल्याणकोषबाट रू. २५ हजारको नगद पुरस्कारको साथै अभिनन्दन पत्र प्राप्त गर्नुभएको थियो ।

करिव ४० बर्ष पहिले देखि भिक्षु जीवन ब्यतित गर्नु भएका उहाँले विद्यालंकार विश्वविद्यालय श्रीलंकाबाट "बौद्ध अध्ययन" बिषयमा स्नातक, रिशो विश्वविद्यालय जापानबाट बौद्ध दर्शन बिषयमा स्नातकोत्तर विश्वशान्ति स्तुप म्यानमारमा श्रामणेर हुनु भई सन् १९५९ मा क्याउङ म्यानमारमा उपसम्पदा हुनुभई शासन यइता म्यानमारमा विपश्यना ध्यानको विशेष दिक्षा प्राप्त गर्नु भएको थियो ।

दिवंगत हुनु भएका भिक्षु विभिन्न बौद्ध संघ संस्थाका अध्यक्ष, उपाध्यक्ष, निर्देशक र सल्लाहकार समेत रहनु भएको थियो । उहाँ बौद्ध भावना र ध्यान परिचय नामक पुस्तकको लेखक पनि हुनुहुन्छ ।

उहँको पार्थिव शरीरलाई २०५५ फागुण २३ गते बुद्ध बिहारमा राखी, भिक्षु संघ, भिक्षुणीसंघ, बज्राचार्य गुरु र लामा गुरुहरूको तर्फबाट पाठ गराइएको थियो । प्रधानमन्त्री गिरीजा प्रसाद कोइराला, अर्थमन्त्री भरत मोहन अधिकारी, एमाले अध्यक्ष तथा भूतपूर्व प्रधान मन्त्री सीहँनो प्रधीन आदिले दिवंगत भिक्षु सुमंगल महास्थविरमा श्रद्धाञ्जली अर्पण गर्नुभएको थियो ।

उहाँको पार्थिव शरीरलाई २०५५ फागुण २४ गतेका दिन अन्तिम संस्कारका लागि बुद्ध बिहार भृकुटी मण्डपबाट शबयात्रा शुरू गरी आनन्द कुटीमा अन्तिम श्रद्धाञ्जली अर्पण गरी दाहसंस्कार गरिएको थियो ।

## बौद्ध बिद्वानहरू अभिनन्दित

ललितपुर, बौद्ध धर्मका बिद्वानहरूलाई बर्षेनि प्रदान गरिने धर्मबहादुर धाख्वाः पुरस्कार यसपाली ४ जना बौद्ध बिद्वानहरूलाई प्रदान गरिएको समाचार छ ।

२०५५ फागुण २२ गतेका दिन संचालित कार्यक्रममा पुरस्कारका संस्थापक धर्मबहादुर धाख्वाःले प्रदान गर्नु भएको उक्त पुरस्कार प्राप्त गर्नुहुने बौद्ध बिद्वानहरू यसरी हुनुहुन्थ्यो ।

धर्मादित्य धर्माचार्य, भिक्षु सुमंगल महास्थविर, न्यायाधिवक्ता रामानन्द सिंह थारू र क्याप्टेन रणबहादुर गुरूङ ।

२०५१ सालमा स्थापित उक्त पुरस्कार बर्षेनि ब्यक्तिगत २ जनालाई (प्रत्येकलाई ५० हजार) प्रदान गरिँदै थियो । तर यसपालि संस्थागत गरी यस पुरस्कार जम्मा ४ जना बौद्ध बिद्वानहरूलाई (प्रति ब्यक्ति २५ हजारका दरले) नगद पुरस्कार र अभिनन्दन पत्र प्रदान गरिएको थियो ।

## लुम्बिनीमा बौद्ध जागरण शिविर

नेपाल मगर बौद्ध सेवा समाज रूपन्देही बुटवलको आयोजनामा फागुण २१ गते देखि २६ गते सम्म लुम्बिनी अन्तर्राष्ट्रिय बौद्ध सेवा केन्द्रमा बौद्ध जागरण शिविर सम्पन्न भएको थियो । उक्त शिविरको प्रायोजक हिमालय बुद्धिष्ट एजुकेशन फाउण्डेशन काठमाडौं थियो । शिविरका प्रशिक्षकद्वय र विषयहरू यसरी थियो ।

| प्रशिक्षकहरूको नाम | विषय |
|---|---|
| भिक्षु अश्वघोष | - बुद्धधर्म र ब्यवहारिक पक्ष |
| प्रा. छत्रराज शाक्य | - विपश्यना ध्यान र चतुआर्य सत्य |
| शिल बहादुर बज्राचार्य | - शिविर अनुशासन |
| भिक्षु सुशील | - धम्मपद |
| प्रा. सुवर्ण शाक्य | - बुद्ध धर्मको महत्व |
| भिक्षु मैत्री | - मंगल सूत्र |



Downloaded from http://www.dhamma.digital

| | | |
|---|---|---|
| हर्ष मुनी शाक्य | - | नेपालमा बुद्ध धर्म |
| जनक नेवा | - | दश पारमिता |
| तेज नारायण पञ्जिकार | - | बुद्ध धर्म र थारू जनजाती<br>बुद्ध धर्म र महिला |
| शाक्य सुरेन | - | बुद्ध धर्म र विकास |
| झक बहादुर पुन मगर | - | बुद्ध धर्म र नेपालको जनजाती |
| डा. गहेन्द्र मान उदास | - | बुद्ध धर्म र विश्व शान्ति |

भिक्षु मैत्रीको सभापतित्त्वमा र लुम्बिनी विकास कोषको उपाध्यक्ष लामाको प्रमुख आतिथ्यमा उद्घाटन गरिएको उक्त समारोहमा भिक्षु अश्वघोष महास्थविर र भिक्षु कोण्डञ्ञ सहित अनेक गण्यमान्यहरूको उपस्थिति थियो ।

## बौद्ध जागरण प्रशिक्षण शिविर (दशौं)

ध्यानकुटी विहार बनेपा र युवा बौद्ध समूह काठमाडौंको आयोजनामा ध्यानकुटी विहार बनेपामा (२०५५ फागुण ११ गते देखि १५ गतेसम्म) बौद्ध जागरण प्रशिक्षण शिविर संचालन भएको थियो ।

उक्त शिविरमा सप्तरी, कैलाली, सिराहा, उदयपुर, हेटौंडा, लुम्बिनी, डोलखा र काभ्रे गरी जम्मा ४० जवान थारू, मगर, तामाङ्ग, शेर्पा, श्रेष्ठ र शाक्यहरूले भाग लिएका थिए । उक्त प्रशिक्षण कार्यक्रममा प्रशिक्षकहरूले निम्न लिखित विषयमा कक्षा लिनु भएका थिए ।

| *प्रशिक्षकको नाम* | *विषय* |
|---|---|
| भिक्षु अश्वघोष महास्थविर | गृही विनय, बुद्धको अर्थनीति र शिविर परिचय |
| भिक्षु सुदर्शन महास्थविर | अन्तर्राष्ट्रिय जगतमा बुद्ध धर्म |
| भिक्षु कोण्डन्य | चतु आर्य सत्य र बौद्ध संस्कार |
| भिक्षु विपस्सी | बुद्ध जीवनी |
| भिक्षु निग्रोध | बुद्ध शासनको इतिहास |
| भिक्षु सुशील | धम्मपद |
| प्रा. सुवर्ण शाक्य | बुद्ध, धर्म, संघ |
| श्री मीन बहादुर शाक्य | बोधि चित्त |
| शाक्य सुरेन | बुद्ध धर्म र विकास |
| डा.केशवमान शाक्य | दशपारमिता |
| हर्ष मुनि शाक्य | बुद्ध धर्म र काठमाडौं<br>बुद्ध धर्म र जनजाती |
| गेहेन्द्रमान उदास | बौद्ध विश्वास |
| विपेन्द्र महर्जन | बौद्ध जातक |
| देव रंजित | बुद्ध धर्म र पर्यावरण |
| त्रिरत्न मानन्धर | पंचशील |

*प्रायोजक: हिमालयन बुद्धिष्ट एजुकेशन फाउण्डेशन*

## शिविर समापन कार्यक्रम

२०५५ फागुण १५ गते बनेपा नगर प्रमुख डा.सुरेन्द्र बाडेको प्रमुख आतिथ्यमा उक्त प्रशिक्षण शिविर समापन गरिएको थियो ।

उक्त अवसरमा प्रशिक्षार्थीहरूलाई प्रमाण-पत्र र उपहार प्रदान गर्नुहुँदै प्रमुख अतिथिले बौद्ध जागरण प्रशिक्षण शिविर बनेपामा पटक पटक संचालन भइरहेकोमा प्रसन्नता व्यक्त गर्नु भयो । साथै यस्तो प्रशिक्षण कार्यक्रमको निरन्तरताको कामना पनि गर्नुभयो ।

परिक्षार्थीहरूको तर्फबाट बोल्नु हुँदै सिराहाकी जानकी कुमारी चौधरीले बौद्ध जागरण प्रशिक्षणमा भागलिएर बुद्ध धर्म बारे नौलो कुराहरू सिक्न पाएको र आचरण शुद्धिका लागि धेरै प्रेरणा पाएको विचार पनि प्रकट गर्नुभयो ।

उदयपुरका बासुदेव चौधरी र कैलालीका फोनिराम चौधरीले बुद्ध धर्म र हिन्दू धर्ममा धेरै फरक भएको बुझ्न पाउँदा निक्कै आनन्द अनुभव गरेको विचार प्रकट गर्नुभयो ।

मकवानपुरका जीवन लामा युवा बौद्धले यस प्रशिक्षणबाट जुन प्रेरणा प्राप्त गरें त्यो आफ्नो गाउँमा गएर प्रचार प्रसार गर्ने अठोट पनि प्रकट गरे । हर्ष मुनि शाक्यले स्वागत भाषण गर्नु भएको उक्त कार्यक्रममा त्रिरत्न मानन्धरले धन्यवाद ज्ञापन गर्नु भएको थियो । त्यस्तै सभापतिको आसनबाट बोल्नु हुँदै भिक्षु अश्वघोष महास्थविरले भन्नुभयो **"पैसा मात्र भएर काम बन्ने होइन, ध्यान कुटी विहारका उपासिका र उपासकहरूले यस शिविरको लागि खाद्य सम्पादन कार्यमा आवश्यक सहयोग नदिएको भए यस कार्यक्रम सफलतापूर्वक सम्पन्न हुन सक्ने थिएन ।"**

## तेश्रो बौद्ध जागरण शिविर

२०५५ चैत्र ४-७ सम्म । स्थान : उदयपुर । युवा बौद्ध जागरण समूह, उदयपुरको आयोजनामा त्रियुगा क्याम्पस, त्रियुगा नगरपालिका वार्ड नं-७, मोतीगाडा, उदयपुरमा तेश्रो बौद्ध जागरण प्रशिक्षण शिविर (२०५५ चैत्र ४-७ सम्म) सम्पन्न भएको समाचार छ ।

उदयपुर, सिरहा, सप्तरी, सुनसरी, मोरंग र झापा गरी जम्मा ६ जिल्लाबाट ६५ जवान सहभागीहरूले भाग लिएको उक्त शिविरमा निम्न लिखित विषयहरूबारे प्रशिक्षार्थीहरूलाई प्रशिक्षण दिइएको थियो ।

१. बौद्ध इतिहास
२. बुद्ध धर्म र व्यवहारिक जीवन
३. बुद्ध इतिहास



Downloaded from http://www.dhamma.digital

४. बुद्ध धर्म र सामाजिक उत्थान
५. बौद्ध संस्कार पद्धति
६. बौद्ध धर्म र पर्यावरण
७. शिविर अनुशासन
८. पञ्चशील र चतुआर्य सत्य
९. बौद्ध इतिहास वा बुद्ध धर्म र विकास
१०. बुद्ध जीवनी
११. बुद्धधर्म र जनजाती
१२. बुद्धको अर्थनीति
१३. बुद्ध धर्म र थारू जाती
१४. जातक कथा
१५. बौद्ध संस्कार पद्धति

**निःशुल्क आँखा शिविर**

युवा बौद्ध संघ धर्मशीला बुद्ध विहार पोखराले स्यांग्जा जिल्लाको त्रि सद्धि मा.बि. पञ्चमूल शिरुवारीमा माघ २८ र २९ गते दुई दिने नि:शुल्क आँखा शिविर संचालन गरिएको समाचार छ।

पञ्चशील प्रार्थना पश्चात् प्रारम्भ भएको सो समारोहमा पञ्चमूल गा.वि.स.का अध्यक्ष श्री हर्क बहादुर



*सरस्वती मन्दिरको प्राङ्गणमा आयोजित रक्तदान कार्यक्रममा धन्यवाद ज्ञापन गर्नुहुँदै सचिव बिक्रम बज्राचार्य बिचमा श्रद्धेय भिक्षु श्रद्धानन्द।*

गुरूङ्गले दिप प्रज्वलन गरी आँखा शिविर कार्यक्रमको समुद्घाटन गर्नु भएको थियो। सह संयोजक रञ्जन बुद्धाचार्यले संचालन गर्नु भएको उक्त कार्यक्रममा संघका उपाध्यक्ष तथा कार्यक्रम संयोजक प्रकाश उदासले स्वागत मन्तब्य व्यक्त गर्नु भएको थियो। यसरी नै आ-आफ्नो मन्तब्य ब्यक्त गर्नुहुने महानुभावहरू यसरी हुनुहुन्थ्यो -

हिमालय आँखा अस्पतालको तर्फबाट प्राविधिक लव कुमार राणा, संघका भु.पु. सल्लाहकार तथा ज्ञानमाला संघ पोखराका अध्यक्ष कृष्णमान गुभाजु, त्रिसद्धि मा.वि.का प्रधान अध्यापक कृष्ण प्रसाद उपाध्याय र भू.पु. प्रधान पञ्च लाल व. गुरुङ्ग, आदि। युवा बौद्धसंघ संघका अध्यक्ष उत्तम मान बुद्धाचार्यले धन्यवाद ज्ञापन गर्नु भएको थियो।

प्राकृतिक सौन्दर्यले सजिएको र ग्रामिण पर्यटकिय क्षेत्रको रूपमा विकास भइरहेको पञ्चमुल गा.वि.स.मा सम्पन्न उक्त आँखा शिविरमा पञ्चमुल आरुचौर, दरौं,



*आँखा शिविरको उद्घाटन समारोहमा संघको कृयाकलापहरूको जानकारी दिनुहुँदै अध्यक्ष उत्तममान बज्राचार्य।*

अर्जुन चौपारी, रापाकोट आदि गाउँका ६३६ जना आँखाका रोगीहरूलाई नि:शुल्क आँखा परीक्षण औषधि तथा चश्मा बितरण गरिएको थियो। उक्त रोगीहरू मध्ये २२ जवानलाई शल्यक्रिया गर्नुपर्ने देखिएकोमा ९ जवानलाई शल्यक्रिया गरिसकेको र बाँकी १३ जवानलाई केही दिन पछि अस्पताल पुऱ्याईने भएको छ।

उक्त आँखा शिविरका लागि हिमालय आँखा अस्पताल धरिपाटन पोखराबाट तिन जना प्राविधिकहरू र आवश्यक उपकरणहरू उपलब्ध गराइएको थियो भने अन्य सहयोगहरू निम्नानुसार प्राप्त भएको थियो।

१. प्रमुख आर्थिक सहयोग एस.एस. एफ. क्वाएर मेट्रेस (SSF COIRPUF MATTRESS) पटनाबाट रू. ८०००/- (आठ हजार रूपैंया)
२. स्व. बेन कुमारी बुद्धाचार्यको स्मृतिमा वहाँको परीवारबाट — रू. २,५००/-
३. स्यांग्जा जि.वि.स. कार्यालयबाट — रू. २,०००/-
४. एलिगेन्स ट्रेड सेन्टर चिप्लेढुङ्गाबाट - रेडियो नेपालको विज्ञापन सौजन्य
५. रविन्द्र माकाजु — रू. १,०००/-
६. मुनाल अफसेट प्रिन्टर्स — पम्प्लेट सौजन्य
७. बि.पि. मार्वल सप्लाएर — रू. ५००/-
८. प्रकाश उदास — रू. ५००/-



Downloaded from http://www.dhamma.digital

९. नेपाल परिवार नियोजन संघ कास्की - बाहन उपलब्ध
१०. बुद्ध आमा समुह, पञ्चमुल शिरुवारी भोजन र स्वयं सेवक
११. नवयुवा क्लब, पञ्चमुल शिरुवारी भोजन र स्वयं सेवक
१२. पञ्चमुल गा.वि.स., पञ्चमुल शिरुवारी भोजन र स्वयं सेवक
१३. त्रि शहीद मा.वि., पञ्चमुल शिरुवारी शिविर स्थल
१४. लाल बहादुर गुरुङ्ग, पञ्चमुल शिरुवारी भोजन

*बौद्ध संघको तर्फबाट निम्नानुसार उपहार प्रदान गरिएको थियो*

१. बुद्ध गुम्बा शिरुवारी - कलात्मक स्वयंभू चैत्य
२. बुद्ध आमा समुह - रू. २५००/- र बौद्ध पुस्तकहरू
३. नवयुवा क्लव - रू. २५००/- र बौद्ध पुस्तकहरू
४. त्रि शहीद मा.वि. - रू. ११४०/- र पुस्तकालयको लागि बौद्ध पुस्तकहरू
५. धर्मोदय सभा पञ्चमुल शाखा - बौद्ध पुस्तकहरू

## युवा बौद्ध संघद्वारा दुई स्थानमा रक्तदान कार्यक्रम

२०५५ फागुन ४ गते । युवा बौद्ध संघ धर्मशीला बुद्ध विहार नदिपुर पोखराले शहीद दिवस तथा श्री पञ्चमीको उपलक्ष्यमा धर्मसंघ बुद्ध विहार मोहरिया टोल र सरस्वती मन्दिर तेर्सापट्टीमा रक्तदान कार्यक्रमको आयोजना गरिएको समाचार छ ।

सरस्वती मन्दिर तेर्सापट्टीमा आयोजित कार्यक्रम संघका सचिव बिक्रम बुद्धाचार्यको सभापतित्वमा तथा श्री रामचन्द्र बास्तोलाको प्रमुख आतिथ्यमा सदस्य इन्द्र प्रसाद ढ्वाले संचालन गर्नु भएको थियो । श्रद्धेय भिक्षु श्रद्धानन्द समक्ष पञ्चशील प्रार्थना पश्चात प्रारम्भ भएको उक्त कार्यक्रममा प्रमुख अतिथि तथा पोखरामा Blood Bank स्थापना भएपछिको पहिलो रक्तदाता श्री रामचन्द्र बास्तोलाले दिप प्रज्वलन तथा Blood Bag हस्तान्तरण गर्नुभई कार्यक्रम समुद्घाटन गर्नु भएको थियो भने रक्तदान उप-समितिका सहसंयोजक सुश्री पुनम सि.के. ले स्वागत मन्तब्य ब्यक्त गर्नु भएको थियो । उक्त अवसरमा पो.उ.म.न.पा. वडा नं ३ का अध्यक्ष नारायण उदासले पनि मन्तब्य ब्यक्त गर्नु भएको थियो । उक्त अवसरमा २४ जवान रक्तदाताहरूले रक्तदान गर्नु भएको थियो ।

त्यसैगरी धर्मसंघ बुद्ध बिहार मोहरिया टोलमा आयोजित रक्तदान कार्यक्रम उपाध्यक्ष प्रकाश उदासको सभापतित्वमा सदस्य बिनोद शाक्यले संचालन गर्नु भएको थियो भने रक्तदान उप समितिका संयोजक सुनिल उदासले स्वागत मन्तब्य ब्यक्त गर्नु भएको थियो । प्रमुख अतिथि श्रद्धेय भिक्षु श्रद्धानन्द ज्युले दिप प्रज्वलन गर्नुभई उद्घाटन गर्नु भएको उक्त कार्यक्रममा वहाँले बुद्ध धर्ममा रक्तदानको महत्व बारे प्रकाश पार्नु भएको थियो । उक्त अवसरमा २८ जवान रक्तदाताहरूले रक्तदान गर्नु भएको थियो ।

उक्त दुवै रक्तदान कार्यक्रमका लागि आवश्यक संपूर्ण आर्थिक सहयोग पोखरा उप महानगर पालिका वडा नं ३ को कार्यालयबाट सधन्यवाद प्राप्त भएको थियो ।

## ज्ञानमाला भजन संघया न्ययदँ बुदिं

यल, फागुण २७ गते । मयुरवर्ण महाविहार भिंछेबहा स्थित ज्ञानमाला भजन संघ न्ययदँ क्यंगु लसताय् जूगु समारोहया उलेज्या विद्वान प्रा.आशाराम शाक्य पाखें बौद्ध भ्रूण्डा ब्वेका, त्वादेवाय् मतच्याका याना बिज्यात ।

मयुरवर्ण महाविहारया श्री चक्रेश्वर आजु सानुकाजी बज्राचार्यया सभापतित्वे जूगु उगु उलेज्या समारोहस भिक्षु बुद्धघोष महास्थविरं शील प्रार्थना याका बिज्यात । ज्ञानमाला भजन संघया दुजःपिं पाखें लसकुस म्ये हाले धुंका भाजु चन्द्रकाजी बज्राचार्य स्वागत न्वचु बिया बिज्यागु खः । भिक्षु अश्वघोष महास्थविरपाखें स्वर्ण जयन्तीया लसताय् पिदंगु स्मारिकाया विमोचन याना बिज्यागु ज्या भ्रूोले भिक्षु कोण्डन्यपाखें धर्मदेशना जूगु खः ।

भिन्छे बहाले ज्ञानमाला भजनया पलिस्थायाःपिं थी थी व्यक्तिपिन्त हनेज्या जूगु उगु समारोहस्, भाजु लोकदर्शन वज्राचार्य, पं. हेमराज शाक्य, भुवनलाल प्रधानपिंन्सं न्ववानादी धुंका गोसा खलःया नायो चक्रराज वज्राचार्य सुभाय् देछाना बिज्यात ।

फागुण २७, २८, २९ गते याना स्वयन्हुयंकं जूगु उगु स्वर्ण जयन्ती समारोहया तःमुज्याया भ्रूोले सातपुर महाविहार चिकं बही, हःखात्वाः, वैश्ववर्ण महाविहार गुजिबहाः श्री वच्छमहाविहार श्री वहाः, तारेमामसंघ, न्याखाचुक, रत्नाकर महाविहा, हःखावहाः, अक्षेश्वर महाविहार पूच्वया ज्ञानमाला भजन खलःपिन्सं थःथः पिनिगु भजन न्ह्यबोगु समाचार दु ।

**-: लोक नीति :-**

**"शिल्पविद्याजस्तो धन अरू छैन, शिल्पविद्यालाई चोरले चोर्न सक्दैन, शिल्पविद्या यो संसारमा साथी जस्तै हो, परलोकमा सुखभोग गराउने वस्तु पनि यही हो ।"**

Downloaded from http://www.dhamma.digital

बा.अ.का.द.नं. - ७०/०४०/४१

## लुम्बिनीमा सामूहिक उपसम्पदा

बर्मी भिक्षु ऊ ञाणिस्सर सयादो र धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको संयुक्त आयोजनामा लुम्बिनीस्थित लोकमुनि सुला पगोडा (बर्मी विहार) मा वि.सं. २०५५ फागुण २० गते देखि २६ गतेसम्म अस्थायी प्रव्रज्या कार्यक्रम सफलता पूर्वक सम्पन्न भएको छ ।

बर्माका धम्म कथिक सयादो ऊ. ञाणिस्सरको उपाध्यायत्त्व र भिक्षु ज्ञानपूर्णिक महास्थविरको आचार्यत्त्वमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सदस्यहरू र धर्मकीर्ति विहारका उपासहरू गरी २८ जवान नेपालीहरू र ४ जवान बर्मीहरू गरी जम्मा ३२ जवानहरूले लुम्बिनी स्थित लोकमुनि सुला सिमागृहमा उपसम्पदा दीक्षा ग्रहण गरेका थिए । यसको साथ साथै ३ जवान उपासिकाहरू ( २ जवान धर्मकीर्ति विहारका र १ जवान बर्मी नागरिक ) गुरुमाँ हुनुभएका थिए । यस्तै अन्य १९ जवान उपासिकाहरूले ऋषिनी (योगी) दिक्षा ग्रहण गरेका थिए ।

उक्त उपसम्पदा कार्यक्रमका लागि सयादोसँगै चारधाम तीर्थयात्रा गर्नका लागि आउनु भएका म्यानमार का "सितागु तीर्थयात्री समूह" ले आवश्यक अष्ट परिष्कार [ (१) संघाटी (२) उत्तरासंघ (३) अन्तरवासक (४) पटुका (५) पात्र (६) खुर (७) सियोधागो (८) पानी छान्ने चाल्नी ] दान दिनुभएको थिए ।

करीब एक हप्तासम्म संचालित उक्त उपसम्पदा कार्यक्रममा विशेषगरी कार्यक्रम अवधिभर ध्यान गर्ने, ध्यान सम्बन्धि निर्देशन र धर्मदेशना केन्द्रित रहेका थिए । सयादोले बर्मी भाषामा दिनुभएको प्रवचनलाई अध्यय गोष्ठीका अध्यक्ष भिक्षुणी धम्मवतीले नेपाल भाषामा सरल रूपले भाषानुवाद गर्नु भएकोले सहभागीहरूले धर्मश्रवण गरी लाभान्वित हुन पाएको अनुभव गरेका थिए । त्यति मात्र होइन यस उपसम्पदा कार्यक्रममा भाग लिन पाई दुर्लभ मनुष्य जीवनको सार के रहेछ, ध्यानको महत्त्व कस्तो रहेछ र आफ्नो जीवन सुखमय बनाउने हो भने बुद्ध शिक्षालाई आफ्नो जीवनमा प्रयोग नगरी नहुने रहेछ भन्ने कुरो खुलस्त भएकोले यस्तो पवित्र कार्यक्रममा भाग लिन पाउने सहभागीहरूले आफूलाई धन्य सम्झेका छन् । यस्तो अनुभवहरूले यस कार्यक्रमलाई अझ प्रभावकारी बनाएको महशूस गरिएको छ ।

यस पवित्र कार्यक्रमलाई सफल पोर्न विभिन्न दाताहरूले यसरी सहयोग गरेका छन् ।

बर्मी तिर्थयात्री समूहले– अष्टपरिस्कार दान, कृष्णदेवी परिवार, बुटवल र बिष्णु लक्ष्मी कटुवाल बुटवलले एक एक दिन जलपान दान । यसरी नै प्रत्यक्ष र अप्रत्यक्ष रूपले सहयोग गर्नुहुने महानुभावहरू सबैलाई अध्ययन गोष्ठी परिवारले हार्दिक कृतज्ञता ज्ञापन गर्दछ ।

कार्यक्रममा भाग लिनुहुने सहभागीहरूको नामावली यस प्रकार रहेको छ– उपसम्पदा हुने व्यक्तिहरू- (१) इन्द्रलाल नकर्मी, त्रिपुरेश्वर (२) कुल धर्मरत्न तुलाधर, महाबौद्ध (३) शान्तरत्न कंसाकार, जय नेपाल (४) मोतिलाल शिल्पकार, जावलाखेल (५) श्यामकृष्ण मानन्धर, ओमबहाल (६) न्हुछेबहादुर मानन्धर, कालिमाटी (७) प्रेमसुन्दर तुलाधर, पुतलीसडक (८) हिराकाजी शाक्य, हौगल (९) U. Kontin (१०) डा. सानुभाई डंगोल, छाउनी (११) U. Kyan (१२) निलमान सिंह तुलाधर, कमलाछी (१३) डा. देवरत्न कंसाकार, काठमाडौं (१४) दशनारायण महर्जन, विजेश्वरी (१५) U. Nyein (१६) U. Sann Aung (१७) प्रकाशमान बनिया, न्ह्योखा (१८) उद्योगरत्न तुलाधर, बनस्थली (१९) विकास मानन्धर, कालधारा । (२०) रत्नभक्त डंगोल, वटु (२१) सत्यराजा मानन्धर, चागल (२२) ध्रुवरत्न स्थापित, मखन (२३) इन्द्रकुमार नकर्मी, ढल्को (२४) हसनकुमार बज्राचार्य, बबरमहल (२५) रविन्द्ररत्न तुलाधर, नरदेवी (२६) चिनीकाजी महर्जन, कमलाछी (२७) सञ्जय महर्जन, ब्रह्मटोल (२८) इन्द्रमान महर्जन, खुसी बुँ (२९) ज्ञानेन्द्र महर्जन, डल्लु (३०) जुजुमान महर्जन, ब्रह्मटोल (३१) दिनेश रजक, टंकेश्वर (३२) धनभाजु मुनिकार, बनस्थली ।

गुरुमाँ हुने व्यक्तिहरू- (१) रत्नमाया तुलाधर, लालदरबार (२) नन्दकुमारी बज्राचार्य, चमती (३) Daw Cho Cho Naing बर्मा ।

ऋषिनी हुने व्यक्तिहरू- (१) लक्ष्मी शोभा स्थापित, ज्याठा (२) कृष्णदेवी बज्राचार्य, बुटवल (३) पद्मा बज्राचार्य, क्वाबहाल (४) लक्ष्मीकुमारी मानन्धर, ओमबहाल (५) नानीछोरी मानन्धर, कालिमाटी (६) पूर्णहिरा तुलाधर, कमलाछी (७) ज्ञानशोभा, जमल (८) Kathy White, क्यानाडा (९) गिता मानन्धर, क्षेत्रपाटी (१०) हिरादेवी नकर्मी, ज्याबहाल (११) नीता केशरी श्रेष्ठ, पशुपती (१२) रजनी तुलाधर, ज्याठा (१३) मीनशोभा शाक्य, नरदेवी (१४) अमृतशोभा शाक्य, जैसीदेवल (१५) अनिता शाक्य, चमती (१६) साधना डंगोल, वटु (१७) रामेश्वरी महर्जन, बनस्थली (१८) प्रमिता बज्राचार्य, हाडीगाउँ (१९) स्वस्तिना तुलाधर, ज्याठा ।

मुद्रक : न्यू नेपाल प्रेस प्रधान कार्यालय : नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५५१५, काठमाडौं, नेपाल । फोन : ४३४८५०, ४३४७५३
व्यापारिक कार्यालय : शुक्रपथ, न्यूरोड, काठमाडौं, फोन : २२१०३२, २२१८३०, फ्याक्स : (९७७-१) २४८६७८

Downloaded from http://www.dhamma.digital